मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

निजी क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको छः प्रधानमन्त्री

पृष्ठ ५ मा



● वर्ष ४ ● अंक २३८ ● २०८३ साल असार ३२ गते बिहीबार ● Thursday 16, July 2026 ● सूर्योदयः बिहान ०५:२० बजे ● सूर्यास्तः साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश प्रदेशमा आर्थिक विनियोजन विधेयक पारित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटसहितको आर्थिक विनियोजन विधेयक २०८३ प्रदेशसभाबाट आज सर्वसम्मतिले पारित भएको छ।

मधेश प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले गरेको मधेश प्रदेशको आर्थिक विनियोजन विधेयक २०८३ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको सभामुख रामअशिष यादवले घोषणा गरे।

दुई दिनसम्म चलेको प्रदेशसभा बैठकमा २१ प्रदेशसभा सदस्यले विनियोजन विधेयकअन्तर्गत विषयगत मन्त्रालयका शिर्षकमाथि उठाएका प्रश्नहरुको मुख्यमन्त्री कृष्णप्रसाद यादव र अर्थमन्त्री भट्टराईले जवाफ दिएपछि आर्थिक विनियोजन विधयेक २०८३ सभामुख यादवले निर्णयार्थ प्रस्तुत गरेका थिए। बैठकमा उपस्थित सबै प्रदेशसभा सदस्यहरुले आर्थिक विनियोजन विधेयक २०८३ को समर्थन गरेपछि विधेयक सर्वसम्मतिले पारित भएको सभामुख यादवले घोषणा गरे।

प्रदेश सरकारको आर्थिक विनियोजन विधेयक २०८३ पारित भएसँगै मधेश प्रदेशसभाको बैठक अर्को सूचना जारी नगरुञ्जेलसम्मका लागि स्थगित भएको सभामुख यादवले घोषणा गरे। मधेश प्रदेश सरकारका अर्थमन्त्री भट्टराईले यही असार १ गते प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवद्र्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट प्रस्तुत गरेका थिए।

बजेट पूर्वाग्रही र त्रुटिपूर्ण रहेको भन्दै प्रतिपक्षी जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधन नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने अडान राख्दै आएका थिए। असार २८ गते बसेको प्रदेशसभा बैठकबाट बजेटलगायतमा देखिएको समस्या समाधान गर्न गठित सात सदस्यीय कार्यदलले प्रदेशसभा बैठकमा बजेटमा देखिएका कमीकमजोरी सच्याउन विभिन्न १० बुँदे सुझावसहितको प्रतिवेदन पेस गरेको थियो।

कार्यदलले दिएको १० बुँदे सुझावसहितको प्रतिवेदनलाई प्रदेश सरकारले विनियोजन विधेयकको अङ्गका रुपमा स्वीकार गरेपछि प्रदेशसभामा विनियोजन विधेयकमाथि मङ्गलबारदेखि छलफल सुरु भएको थियो।

## प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ व्यवस्था गरिने

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताएका छन्।

मधेश प्रदेशसभामा प्रदेश सरकारको प्रदेश विनियोजन विधेयक २०८३ माथि छलफलका क्रममा प्रदेशसभा सदस्यहरुले उठाएका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री यादवले पछिल्लो समय नागरिकमा मानसिक समस्या बढ्दा आत्महत्या र आत्मदाहजस्ता घटना हुने गरेकाले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताए।

शरीरमा पेट्रोलियम पदार्थ खन्याएर आत्मदाह गरेका सर्लाहीका विवेक मण्डलको परिवारलाई राहत उपलब्ध गराइने घोषणा गर्दै मुख्यमन्त्री यादवले मङ्गलबार राति आत्मदाहको प्रयास गरेका रौतहटको गरुडा नगरपालिका–९ का २८ वर्षीय गौतमकुमार सहनीको स्वास्थ्यलाभको कामना समेत गरे।

यसैगरी मुख्यमन्त्री यादवले मधेश प्रदेशमा अहिले करिब १० हजार मेट्रिक टन चामल भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य गरी प्रदेशलाई धान र चामलमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहेको बताए। उनले सप्तरी र सिरहामा आँप खेती, सर्लाहीमा गोलभेँडाखेती तथा रौतहत र बारामा केरा खेतीलाई प्रोत्साहन गर्ने गरी प्रदेश सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको उल्लेख गरे।

मधेश प्रदेशमा दुई बाली धान र एक बाली खेतीलाई जोड दिएको बताउँदै मुख्यमन्त्री यादवले बढ्दो फजुल खर्च कटौती गर्न प्रदेश सरकारले हालका १२ मन्त्रालयलाई घटाएर नौ बनाउने र प्रदेश सरकारअन्तर्गत निकाय तथा कार्यालयलाई समायोजन गर्न लागिएको बताए। उनले प्रदेशसभा सदस्यबाट प्राप्त सुझावलाई सरकारले आत्मसात् गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

## सुविधामा करोडौँ खर्च कानुन निर्माणमा सुस्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाको दोस्रो कार्यकालमा सेवा–सुविधामा करोडौं रुपैयाँ खर्च हुँदा कानुन निर्माणको गति भने अपेक्षाकृत सुस्त देखिएको छ। प्रदेशसभा सचिवालयको तथ्यांकअनुसार पछिल्ला तीन आर्थिक वर्षमा इन्धन र सवारीसाधन मर्मतमा मात्रै चार करोड रुपैयाँभन्दा बढी खर्च भएको छ।

सचिवालयका अनुसार आर्थिक वर्ष २०८०÷८१ देखि २०८२÷८३ सम्म पदाधिकारीहरूको इन्धन सुविधामा २ करोड १४ लाख २९ हजार ६१६ रुपैयाँ र सवारीसाधन मर्मतमा १ करोड ९० लाख २९ हजार ४५९ रुपैयाँ खर्च गरिएको छ। इन्धनतर्फ क्रमशः ६७ लाख ५ हजार ५९२, ८० लाख २१ हजार ७८४ र ६७ लाख २ हजार २४० रुपैयाँ खर्च भएको छ भने मर्मतमा ६५ लाख ७ हजार ६९२, ७३ लाख र ५२ लाख २१ हजार ७६७ रुपैयाँ खर्च भएको विवरणमा उल्लेख छ।

प्रदेशसभामा हाल ३९ वटा सवारीसाधन रहेकामा सात वटा सञ्चालनमा छैनन्। बाँकी सवारी सभामुख, उपसभामुख, सचिव, संसदीय दलका नेता, प्रमुख सचेतक तथा विषयगत समितिका सभापतिहरूले प्रयोग गरिरहेका छन्। निवर्तमान सभामुख रामचन्द्र मण्डलले समेत प्रदेशसभाको सवारी सुविधा प्रयोग गरिरहेका छन्।

भत्ता खर्चतर्फ पनि उल्लेख्य रकम खर्च भएको देखिन्छ। वर्तमान सभामुख रामआशिष यादवले बैठक भत्ता नबुझे पनि निवर्तमान सभामुख मण्डलले तीन वर्षमा १ लाख ३३ हजार ४५० रुपैयाँ र उपसभामुख बबिता राउत ईसरले १ लाख ८५ हजार ४९५ रुपैयाँ बैठक भत्ता लिएका छन्। भ्रमण भत्तामा वर्तमान सभामुखले ६३ हजार २४५ रुपैयाँ पाएका छन् भने निवर्तमान सभामुखले १२ लाख ८३ हजार ९६१ रुपैयाँ र उपसभामुखले १२ लाख ५४ हजार ११२ रुपैयाँ बुझेका छन्।

यता, प्रदेशसभाको विधायिकी उपलब्धि भने सीमित देखिएको छ। दोस्रो कार्यकाल सुरु भएयता १६५ वटा बैठक बसे पनि २७ विधेयकमध्ये १६ वटा मात्रै कानुनका रूपमा पारित भएका छन्। हाल चार विधेयक दर्ता भएका छन्, जसमध्ये तीन सभामा पेस भइसकेका छन्। एक विधेयक पेस हुन बाँकी रहेको, दुई विधेयक सरकारले फिर्ता लिएको र अर्को एक विषयगत समितिमा विचाराधीन रहेको सचिवालयले जनाएको छ।

प्रदेशसभा प्रवक्ता विपिन ठाकुरले भने प्रदेशसभाको प्रभावकारिता सरकारको कार्यसूचीमा निर्भर रहने बताए। उनका अनुसार सरकारले विधेयक र आवश्यक ‘बिजनेस’ उपलब्ध गराएपछि मात्रै प्रदेशसभाको कामले गति लिन सक्छ।

## पूर्वाधार विकास कार्यालयको लेखा शाखामा तालाबन्दी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
ठेक्का व्यवस्थापनमा अनियमितता र प्रशासनिक लापरवाही भएको आरोप लगाउँदै निर्माण व्यवसायीहरूले जनकपुरधामस्थित पूर्वाधार विकास कार्यालय, धनुषाको लेखा शाखामा बुधबार तालाबन्दी गरेका छन्।

व्यवसायीहरूले विकास आयोजनासम्बन्धी ठेक्का प्रक्रियाका आवश्यक कागजात र अभिलेख व्यवस्थित रूपमा तयार नगरिएको तथा कर्मचारीहरूको लापरवाहीका कारण ठेक्का व्यवस्थापनमा गम्भीर त्रुटि भएको आरोप लगाएका छन्। उनीहरूका अनुसार यसबाट विशेषगरी साना निर्माण व्यवसायीहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन्।

त्रुटिपूर्ण कार्यशैलीका कारण भुक्तानी प्रक्रिया ढिलाइ भएको, अनावश्यक प्रशासनिक झन्झट बेहोर्नुपरेको र आर्थिक नोक्सानीसमेत व्यहोर्नुपरेको

*बाँकी पृष्ठ २ मा*

## आज गहवामाईको रथयात्रा, विद्यालयमा बिदा



**मधेशदृष्टि**
**वीरगंज।**
गहवामाईको रथयात्रा आज बिहीबार धुमधामका साथ हुने भएको छ। रथयात्राको सम्पूर्ण तयारी पूरा भएको प्रचार प्रसार समितिले जनाएको छ। ऐतिहासिक तथा धार्मिक रथयात्राको अवसरमा वीरगंज महानगरपालिका क्षेत्रभित्र सञ्चालित सबै विद्यालयमा स्थानीय सार्वजनिक विदा रहने तथा पठनपाठन बन्द रहने भएको छ।

रथयात्रालाई व्यवस्थित, सुरक्षित र सहज रूपमा सम्पन्न गराउने उद्देश्यले महानगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा एक दिन सार्वजनिक बिदा दिइएको हो।

हरेक वर्ष श्रद्धा र उत्साहका साथ मनाइने गहवामाई रथयात्रामा हजारौँ भक्तजनको सहभागिता रहने भएकाले यातायात व्यवस्थापन तथा सुरक्षा व्यवस्थालाई समेत ध्यानमा राख्दै विद्यालय बन्द गर्ने निर्णय गरिएको हो।

## गृहमन्त्रीद्वारा बाराका औद्योगिक प्रतिष्ठानमा अनुगमन

**मधेशदृष्टि**
**वीरगंज।**
गृहमन्त्री सुधन गुरुङले बारा जिल्लास्थित प्रमुख औद्योगिक प्रतिष्ठानको स्थलगत अनुगमन गर्दै उद्योग सञ्चालनका क्रममा वातावरणीय मापदण्डको पूर्ण पालना गर्न निर्देशन दिएका छन्।

गृहमन्त्री गुरुङले बुधबार जगदम्बा स्टिल, उलास उद्योगलगायत विभिन्न उद्योगको निरीक्षण गर्दै उद्योगबाट निस्कने रासायनिक पदार्थ, औद्योगिक प्रदूषण तथा त्यसले वातावरण र स्थानीय जनस्वास्थ्यमा पार्न सक्ने प्रभावबारे जानकारी लिएका हुन्।

अनुगमनका क्रममा उनले उद्योगहरूमा अपनाइएका वातावरणीय मापदण्ड, फोहोर तथा रासायनिक पदार्थ व्यवस्थापन प्रणाली, धुँवा तथा प्रदूषण नियन्त्रणका उपायबारे उद्योग व्यवस्थापनसँग छलफल गरेका थिए। उद्योग सञ्चालन गर्दा प्रचलित वातावरणीय कानुन तथा मापदण्डको पूर्ण रूपमा पालना गर्नुपर्नेमा उनले जोड दिएका थिए।

गृहमन्त्री गुरुङले औद्योगिक विकाससँगै वातावरण संरक्षण र जनस्वास्थ्यको सुरक्षा सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै प्रदूषण नियन्त्रणका लागि आवश्यक सुधारात्मक उपाय तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको जनाइएको छ।

स्थानीयवासीले उद्योगबाट हुने प्रदूषणका कारण सिरिसिया नदी, वातावरण तथा जनस्वास्थ्यमा नकारात्मक असर परेको भन्दै लामो समयदेखि चासो व्यक्त गर्दै आएका छन्। सोही सन्दर्भमा गरिएको गृहमन्त्रीको स्थलगत अनुगमनलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ। अनुगमनमा सुरक्षा निकायका अधिकारी, सम्बन्धित सरकारी निकायका प्रतिनिधि तथा उद्योग व्यवस्थापन पक्षको सहभागिता रहेको थियो।

## आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार ‘मधेशदृष्टि दैनिक’लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**पदः** जिल्ला संवाददाता
**संख्याः** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरुः** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यताः** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइं) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमताः** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्रः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिकः** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।

हार्भेस्टर किन्नु अघि
यो कुरा अवश्य सोच्नुहोस्!
हार्बेस्टर बेच्ने धेरै छन्,
तर भरपर्दो स्पेयर पार्ट्स् र सर्भिस दिने कति छन्
हार्बेस्टर सिजनमा एक दिन पनि बन्द भयो भने किसानलाई ठूलो आर्थिक नोक्सानी हुन सक्छ।
आज धेरै हार्भेस्टरहरू स्पेयर पार्ट्सको अभाव र समयमा सर्भिस नपाउँदा प्रयोगविहीन बनेका छन्।
किन रोज्ने त्रिशक्ति ट्रेक्टर, वीरगंज ?
हार्भेस्टरका विशाल स्पेयर पार्ट्स स्टक सधैं उपलब्ध।
आवश्यक स्पेयर पार्ट्स २४ घण्टाभित्र तपाईंको स्थानसम्म डेलिभरी।
दक्ष र अनुभवी सर्भिस इन्जिनियरहरूको टोली।
आवश्यक परे २४ घण्टाभित्र घरदैलोमै सर्भिस।
आधुनिक सर्भिस स्टेशन।
२५ वर्षभन्दा बढीको अनुभव र हजारौं किसानको विश्वास।
हामी केवल हार्बेस्टर बेच्दैनौं, बिक्रीपछिको सेवाको पनि पूर्ण जिम्मेवारी लिन्छौं।
त्रिशक्ति ट्रेक्टर, वीरगंज
किसानको विश्वास, हाम्रो प्रतिबद्धता !
सम्पर्कः 98550 21281

# ‘सुशासनको नाममा मनपरीतन्त्र स्वीकार्य छैन’

*नेकपा एमाले बाराका जिल्ला अध्यक्ष अध्यानन्द पाण्डेयसँग (बालेन सरकार) को कार्यशैली, यसको कानुनी तथा लोकतान्त्रिक विचलन र समग्र राजनीतिक–सामाजिक प्रभावका विषयमा गरिएको विस्तृत कुराकानीमा आधारित अन्तर्वार्ता:*



**प्रशनः सुरुवाती दिनहरूमा (बालेन सरकार) प्रति आम नागरिकको ठुलो भरोसा देखिन्थ्यो। तर अचेल यसको आलोचना पनि तीव्र हुन थालेको छ। नेकपा एमाले बाराको नेतृत्वको हैसियतले तपाईँ यसलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

अध्यानन्द पाण्डेयः हेर्नुस्, सुरुमा आम जनताले परम्परागत राजनीतिक दलहरूभन्दा फरक शैली आउला र मुलुकमा केही सकारात्मक परिवर्तन होला भनेर बालेन सरकारप्रति ठुलो आशा र भरोसा राखेका थिए । त्यो स्वाभाविक पनि थियो। तर, समय बित्दै जाँदा यो सरकारले जनतामा आशा जगाउने होइन, केवल चरम निराशा बढाउने काम मात्र गरिरहेको छ । अहिले काठमाडौँमा जे भइरहेको छ, त्यसको बाछिटा र प्रभाव बिस्तारै देशभरि नै पर्न थालेको छ। बाहिर मिडिया र सामाजिक सञ्जालमा जसरी सस्तो लोकप्रियताका लागि प्रचारबाजी गरिएको छ, धरातलको यथार्थ त्योभन्दा एकदमै फरक र डरलाग्दो छ । आम नागरिकले राहत होइन, सास्ती मात्र पाइरहेका छन्।

**प्रशनः तपाईँले निराशा र सास्तीको कुरा गर्नुभयो, तर समर्थकहरू त यसलाई सुशासनको जग र ’बोल्ड’ निर्णयको रूपमा व्याख्या गर्छन् नि? बेथिति कहाँ देख्नुभयो ?**

अध्यानन्द पाण्डेयः सुशासनको जगमा निर्माण भएको भनिएको यो सरकार अहिले पूर्ण रूपमा बेथिति र अराजकताको पर्याय बनेको छ । सुशासन भनेको कानुनको शासन हो, मनपरीतन्त्र होइन । जुनसुकै सरकारले पनि काम गर्दा लोकतान्त्रिक मूल्य, मान्यता र स्थापित आदर्शहरूलाई पालना गर्नुपर्छ । तर यहाँ त विधिको शासनलाई लत्याएर, शक्तिको घमण्डमा अराजक ढङ्गले काम भइरहेका छन् । कुनै प्रक्रिया नै नपु¥याई, कानुनलाई हातमा लिएर डोजर चलाउने र नागरिक, राजनितिक दल, पत्रकार लगायतसंग निहुँ खोज्ने कामलाई कसरी सुशासन भन्ने? यो त स्पष्ट रूपमा अराजकता र बेथिति हो।

**प्रशनः तपाईँले नागरिकको ढाड सेक्ने गरी कर लादिएको र आतंकित पार्ने काम भएको आरोप पनि लगाउनुभयो । यसलाई अलि प्रष्ट पारिदिनुस् न ?**

अध्यानन्द पाण्डेयः हो, म ठोकुवा गरेर भन्छु—यो सरकार आम नागरिकको हितमा छैन । आज काठमाडौँका जनता उपत्यकाभित्रै सुरक्षित महसुस गर्न सकिरहेका छैनन् । नागरिकको आर्थिक अवस्था, व्यवसाय र जीविकोपार्जनको ख्यालै नगरी, उनीहरूको ढाड सेक्ने गरी भारी कर लाद्ने काम गरिएको छ। साना व्यवसायी, फुटपाथ व्यापारी र श्रम गरेर खाने वर्गलाई कुनै विकल्प नै नदिई सडकमा ल्याइएको छ। सबैतिर एकैचोटी आतङ्कित पार्ने काम भइरहेको छ । महानगरका विभिन्न क्षेत्रमा त्रासको वातावरण सिर्जना गरेर नागरिकलाई डराउनु र धम्काउनु कुन शासन व्यवस्थाको विशेषता हो? जनतालाई करको बोझले थिच्ने र त्रासमा राख्ने काम जनविरोधी काम हो।

**प्रशनः तपाईँले ’एकतन्त्रीय शासन व्यवस्था’ र ’लोकतन्त्र समाप्त गर्ने खेल’ जस्ता गम्भीर शब्दहरू प्रयोग गर्नुभयो । सरकारको कामले लोकतन्त्र नै खतरामा कसरी पर्छ र ?**

अध्यानन्द पाण्डेयः यसको भित्री मनसाय हेर्नुभयो भने प्रष्ट हुन्छ । मुलुकमा एकतन्त्रीय र निरङ्कुश शासन व्यवस्था स्थापना गर्नका लागि वातावरण तयार गरिँदै छ । जब तपाईँ कानुन मान्नुहुन्न, अदालतको आदेशको अवज्ञा गर्नुहुन्छ, र आफूलाई संविधानभन्दा माथि सम्झिनुहुन्छ, तब त्यो एकतन्त्रीय सोच बन्छ। सबै क्षेत्रमा एकै पटक त्रास फैलाएर कसैले पनि आफ्नो विरुद्धमा नबोलोस् भन्ने वातावरण बनाउन खोजिएको छ। लोकतन्त्रमा संवाद, सहमति र विधिको शासन हुन्छ, तर यहाँ त केवल आदेश र शक्तिको दुरुपयोग मात्र छ । यो प्रवृत्तीले अन्ततः लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउँछ र लोकतन्त्रलाई नै समाप्त गर्ने खेलतर्फ लैजान्छ।

**प्रशनः बालेन सरकारले सञ्चार जगत् (प्रेस) लाई पनि निषेध गर्न खोजेको तपाईँको आरोप छ । पत्रकार वा मिडियासँग उनीहरुहरूको सम्बन्धलाई तपाईँ कसरी हेर्नुहुन्छ ?**

अध्यानन्द पाण्डेयः लोकतन्त्रको चौथो अङ्ग भनेको सञ्चार जगत् हो। सरकार पारदर्शी हुनुपर्छ र सञ्चारमाध्यमका प्रश्नहरूको सामना गर्न सक्नुपर्छ । तर यो सरकारले सञ्चार जगत्लाई समेत पूर्ण रूपमा निषेध र नियन्त्रण गर्ने खेल खेलिरहेको छ । आफू अनुकूलका प्रचारबाजीलाई प्रश्रय दिने तर वास्तविक समस्या र कमजोरी औँल्याउने मूलधारका सञ्चारमाध्यम र पत्रकारहरूलाई निषेध गर्ने, सूचना लुकाउने र पत्रकारहरुलाई सिह दरवारमा रहेको प्रधानमन्त्रीको कार्यालयमा समाचारका लागि पस्न नदिने, विभेद गर्ने काम भइरहेका छन् । आफ्नो आलोचना सहनै नसक्ने र प्रेस स्वतन्त्रतामाथि नै प्रहार गर्ने यस्तो अनुदार प्रवृत्तिले लोकतन्त्रलाई कदापि बलियो बनाउँदैन । मिडियालाई निषेध गरेर केवल सामाजिक सञ्जालको सहारामा भ्रम फैलाउने काम भइरहेको छ।

**प्रशनः आर्थिक संकट र राज्यको उदासीनताले एक सातामै तीनसहित चार जनाद्वारा आत्मदाह गरे यसलाई कुन रुपमा लिनु भएको छ ?**

अध्यानन्द पाण्डेयः मुलुकमा व्याप्त आर्थिक मन्दी, अव्यावहारिक नीति र राज्य संयन्त्रको कठोर व्यवहारका कारण आम नागरिक कतिसम्म चरम निराशामा पुगेका छन् भन्ने कुरा पछिल्ला घटनाहरूले पुष्टि गरेका छन् । हालै मात्र एकै साताभित्र तीन जना नागरिकले आर्थिक र मानसिक दबाब सहन नसकेर आत्मदाह गर्दा ज्यान गुमाएका छन् । काठमाडौँको त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि मुगुका २५ वर्षीय युवा गणेश नेपालीले पेट्रोल छर्केर आत्मदाह गरे, काठमाडौँको बुद्धनगरका ४५ वर्षीय व्यवसायी अश्विन राउतले आफ्नै घरको भान्सा कोठामा आत्मदाह गरे, सर्लाहीको गोडैता नगरपालिकाका ४२ वर्षीय विवेक मण्डल (यादव) ले पनि आर्थिक र घरायसी तनावका कारण आत्मदाहको बाटो रोजे । राज्यको साधारण जरिवाना, चर्को कर, व्यावसायिक मन्दी र बैंकको ब्याजदरका कारण नागरिकहरू डिप्रेसनको सिकार बनिरहँदा पनि राज्यले ठोस आर्थिक राहत प्याकेज वा काउन्सिलिङको व्यवस्था गर्न नसकेको हो । राज्यको उपस्थिति महसुस गर्न नपाएर आफ्नै ज्यान लिने अवस्था आउनु लोकतान्त्रिक मुलुकका लागि लज्जास्पद विषय हो । कर असुलीमा मात्र केन्द्रित नभई सरकारले बजारमा आर्थिक सहजता ल्याउन र मानसिक स्वास्थ्य तथा राहतका कार्यक्रम तत्काल सञ्चालन नगरे यस्ता निराशाजनक घटना थप बढ्न सक्ने उनको भनाई रहेको छ।

**प्रशनः अन्त्यमा, नेकपा एमाले बाराको अध्यक्षको नाताले, तराई–मधेस र समग्र मुलुकका जनप्रतिनिधि तथा नागरिकका तर्फबाट यो प्रवृत्तिलाई सच्याउन तपाईँ के सन्देश दिन चाहनुहुन्छ ?**

अध्यानन्द पाण्डेयः म तराई सञ्चारमार्फत के भन्न चाहन्छु भने—जुनसुकै सरकार, नेता वा नेतृत्व भए पनि देशको संविधान, कानुन र लोकतान्त्रिक मूल्य मान्यताभन्दा माथि कोही पनि हुन सक्दैन । मधेस होस् या पहाड, जनताले सधैँ विधिको शासन र नागरिक अधिकारका लागि लडेका छन् । जनतालाई आतङ्कित पारेर, बल मिच्याइँ गरेर क्षणिक ताली त पाइएला, तर त्यसले दीर्घकालीन समाधान दिँदैन । नागरिकमाथि जथाभाबी कर लाद्ने, गरिबको उठिवास लगाउने, अराजकता फैलाउने र मिडियालाई निषेध गर्ने काम तत्काल बन्द गरिनुपर्छ । लोकतान्त्रिक मूल्य र आदर्श विपरितका यस्ता यावत गतिविधिहरू नसच्चिएमा सचेत नागरिक र राजनीतिक दलहरू यसको विरुद्धमा सशक्त रूपमा उभिन बाध्य हुनेछन्।

# पहिरो विस्थापित अझै पनि अस्थायी शिविरमा



**नवलपरासी।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका–५ बागखोरका पहिरो विस्थापित १८ परिवार पाँच वर्षदेखि अस्थायी शिविरमै जीवन बिताउन बाध्य छन् । २४ असार २०७८ को भीषण पहिरोले बस्ती नै विस्थापित गरेपछि उनीहरूलाई सुरक्षित स्थानमा सारिए पनि स्थायी पुनःस्थापनाको प्रक्रिया अझै टुंगोमा पुग्न सकेको छैन। पहिरोपछि सुरुमा विद्यालय र सामुदायिक भवनमा आश्रय लिएका विस्थापित अहिले हुप्सेकोट–१ जुकेपानीस्थित सानो चौरमा निर्माण गरिएका अस्थायी टहरामा बसिरहेका छन्।

ब्लक र टिनले बनेका साँघुरा कोठा, सीमित खुला ठाउँ र आधारभूत पूर्वाधारको अभावबीच उनीहरूको दैनिकी बितिरहेको छ । स्थायी बसोबासको आशा गर्दै बितेका पाँच वर्षले अहिले उनीहरूमा निराशा बढाएको छ । दैनिक ज्याला–मजदुरी गरेर जीविकोपार्जन गरिरहेका विस्थापित परिवारका सदस्यहरू वर्षायाम सुरु भएसँगै फेरि पानी र सर्पको त्रासमा रात बिताउन बाध्य छन् । स्थानीय तिलबहादुर सोमै मगरले अस्थायी शिविरमै वर्षौँ बित्दा स्थायी घर पाउने आशा क्रमशः क्षीण बन्दै गएको बताए।

‘केही समयका लागि भनेर राखिएको शिविरमै पाँच वर्ष बित्यो, हरेक वर्ष वर्षा सुरु भएपछि फेरि त्यही त्रास दोहोरिन्छ । बालबालिका, ज्येष्ठ नागरिक र महिलालाई सुरक्षित राख्न निकै कठिन छ । हामीलाई सुरक्षित स्थानमा स्थायी बसोबासको व्यवस्था गरिदिए पुग्थ्यो’, उनले भने । पहिरोअघि विस्थापित परिवारसँग प्रतिघर एकदेखि तीन बिघासम्म खेतीयोग्य जमिन, घर र पशुपालनको आधार थियो । पहिराले घरमात्र होइन, उनीहरूको जीविकोपार्जनको आधारसमेत बगायो। अहिले अधिकांश परिवार दैनिक मजदुरीकै भरमा जीवन धानिरहेका छन्। स्थानीय दिलमाया सोमै मगरले पहिरोले गाउँ नै भासिएको दृश्य अझै आँखाबाट नहटेको उनले बताए।

‘पहिरोपछि यही शिविरमा आएर सुत्केरी भएँ । मेरो बच्चा यहीँ हुर्किएर अहिले पाँच वर्षको भयो’, उनले भने, ‘तर हाम्रो स्थायी घर बन्ने कुरा अझै अन्योलमै छ । कहिलेसम्म अस्थायी जीवन बिताउने भन्ने चिन्ता छ ।’ खेमबहादुर सोमै मगरले आफूहरूको समस्या समाधानका लागि तीनै तहका सरकारबीच समन्वय हुन नसक्दा विस्थापितले सास्ती खेप्नुपरेको बताए । ‘सरकारले प्रक्रिया अघि बढेको भन्छ, तर हाम्रो जीवन भने यही अस्थायी टहरामै बितिरहेको छ’, उनले भने।

हुप्सेकोट गाउँपालिकाले स्थायी पुनःस्थापनाका लागि आवश्यक सबै प्रक्रिया वर्षौंअघि नै पूरा गरिसकेको गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिए। तर, पुनःस्थापनाका लागि आवश्यक निर्णय गृह मन्त्रालयबाट नआउँदा काम अघि बढ्न नसकेको उनको भनाइ छ । ‘पहिरो विस्थापितको स्थायी आवास निर्माणका लागि गाउँपालिकाले आफ्नो तर्फबाट आवश्यक प्रक्रिया पूरा गरिसकेको छ’, अध्यक्ष पाण्डेले भने, ‘तर गृह मन्त्रालयबाट आवश्यक निर्णय हुन नसक्दा पुनःस्थापनाको काम अघि बढ्न सकेको छैन। निर्णयप्राप्त हुनेबित्तिकै निर्माण प्रक्रिया सुरु गर्न गाउँपालिका तयार छ।’

उनका अनुसार हुप्सेकोट गाउँपालिकाका–५ र ६ का अधिकांश पहाडी बस्ती अहिले पनि पहिरो र भूक्षयको उच्च जोखिममा छन्। प्रत्येक वर्ष मनसुन सुरु भएसँगै ती क्षेत्रमा बसोबास गर्ने स्थानीय त्रासमा बस्नुपर्ने अवस्था रहेको उनले बताए। रासस

# किसानलाई सावधानी अपनाउन आग्रह



**काठमाडौँ।**
कृषि सूचना केन्द्रले देशभर मनसुनको अवस्था र सम्भावित जोखिमबाट सावधानी अपनाउन खाद्यबाली उत्पादक तथा पशुपालक किसानलाई आग्रह गरेको छ । केन्द्रले देशभर यससाता मनसुनी वायुको प्रभाव रहने भएकाले आफ्ना उत्पादनलाई सुरक्षित भण्डारण गर्न सुझाव दिएको छ।

अधिकृत सञ्जीव पण्डितका अनुसार एक लाख किसानलाई मोबाइल एसएमएसबाट मनसुनबाट हुनसक्ने क्षति न्यूनीकरण गर्ने सन्दर्भमा सावधानी अपनाउनबारे सन्देश प्रवाह गरिएको छ । केन्द्रले आफ्ना अन्नबाली र तरकारीमा क्षति हुन नदिन भल र भेलको पानी निकासको उचित व्यवस्था मिलाउनसमेत किसान आग्रह गरेको छ । मकैबाली, तरकारी तथा फलफूल बगैँचालगायत प्लाष्टिक घर, पशुपन्छीका गोठ–खोर वरिपरि पानी जम्न नदिन निकासको उचित प्रबन्ध गर्न आग्रह गरेको केन्द्रले वर्षात्को समयमा गाईभैँसीमा रोग देखापरेमा यथाशक्य छिटो पशुसेवा कार्यालयबाट त्यससम्बन्धी सेवा लिन सल्लाह दिएको छ। रासस

# मन लोभ्याउँदै जखेराको मनमोहक दृश्य

**दाङ।**
दाङस्थित जखेरा तालको मनमोहक दृश्यले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याइरहेको छ । दाङको लमही नगरपालिका–३ मा पर्ने जखेरा सरोवर उत्कृष्ट पर्यटकीय केन्द्रका रुपमा परिचित छ । चुरे पहाडको फेदमा अवस्थित छ, जखेरा । नजिकै मुसुण्डी गाउँ, उतरतर्फ चुरे पहाड र पहाडको बीचमा सरोवर । यस्तै दृश्यले यहाँ आउने जो कोही लठ्ठ पर्ने गरेको बताइन्छ।

गत वैशाख, जेठ महिनामा ताल अवलोकनका लागि झण्डै दुई लाख आन्तरिक तथा बाह्य पर्यटक आएका तालका कर्मचारी ओमभक्त चौधरीले जानकारी
दिए।

सरोवरमा घुमघाम र वन भोजका लागि आउने पर्यटकको संख्यामा वृद्धि भएको छ । झण्डै आठ बिघा क्षेत्रफलमा फैलिएको छ, ताल । गहिराइ सात फिट रहेको छ। उत्तरतर्फ गणेश तथा पूर्वमा सिद्देश्वर महादेवको मन्दिर पनि।

जलाशयमा ढुङ्गाबाट सयर गर्न सकिन्छ, तालका बीचमा मन्दिरको पूजा पनि। पूर्वमा भगवान् गौमबुद्धको मूर्ति,’ चयगलम बनभोज स्थल, बगैँचा, जलविहार, प्राकृतिक पदयात्रा, चरा तथा अन्य जीवजन्तुको अवलोकन यहाँ गर्न सकिन्छ। सरोवरमा पाँच वटा डुङ्गा छन् । संख्या कम भएकाले ढुङ्गा चढ्न नपाई केही पर्यटक दुःखी पनि भएका छन् । एक व्यक्तिले तालमा



ढुङ्गा चढेर जलविहार गरेमा रु एक सय तथा मन्दिर दर्शनका लागि रु ५० शुल्क निर्धारण गरिएको छ।

तुलसीपुरबाट आउनुभएकी ४८ वर्षीया निरा कुँवरले तालको अवलोकनबाट आनन्दित भएको बताइन्।

उनले तालको सरसफाइमा ध्यान पुगेको छैन भनिन् । तुलसीपुरका अर्की ३७ वर्षीया शारदा देवी ओलीले जलाशयको आकर्षण देखेर मन लोभिएको बताइन् । जनश्रमदान र राज्यका निकायले गरेको सहयोगले उक्त जलाशय जिल्लाकै मुख्य पर्यटकीय केन्द्रका रुपमा विकास भएको छ।

स्थानीय थारु भाषामा जुन ठाउँमा आकाशे पानी सङ्कलन हुन्छ, त्यस ठाउँलाई जखेरा भनिन्छ।

विसं २०३० मा साविकको सोनपुर गाविस हालको लमही नगरपालिका– ३ मा जखेरा ताल रहेको छ । जखेराको संरक्षणका लागि स्व दिपु चौधरीको भूमिका महत्वपूर्ण थियो । उनले सोनपुर, टिकुलीगढ, फल्कापुर, श्रीगाउँका स्थानीय बुद्धिजीवीसँग सहकार्य गरी खेर गइराखेको आकाशे पानी सङ्कलन गर्न थालिन । क्रमशः पोखरी बन्न पुग्यो । सो पोखरीमा वन क्षेत्रबाट बगी आएको पानीसमेत जम्मा हुन थाल्यो । सिँचाइ सुविधाका लागि सङ्कलन गरिएको ठूलो पोखरी अन्ततः लामो समयपछि जखेरा तालका नाममा परिचित छ।

दाङको लमही बजारबाट छ किलोमिटरपूर्व र सुनडबरी गाउँबाट उत्तर दुई किलोमिटर टाढा जखेरा ताल पर्छ । पूर्वपश्चिम राजर्मागबाट नजिकै रहेकाले भारत, तथा तेस्रो मुलुकबाट पनि जखेराको अवलोकनका लागि पर्यटक आउने गर्छन्। रासस

# बागलुङमा सिँचाइ सुविधा विस्तार

**बागलुङ।**
बागलुङमा एक वर्षको अवधिमा १०७ वटा सिँचाइ योजना सम्पन्न भएका छन्। ती योजनाबाट थप ८० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ। जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका अनुसार चालु आर्थिक वर्षमा स्वीकृत ११४ सिँचाइ योजनामध्ये १०७ वटा सम्पन्न भएका छन् । सिँचाइ कुलो र नदी नियन्त्रणका लागि १२ करोड ६६ लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । कार्यालयका प्रशासकीय अधिकृत बाबुराम आचार्यका अनुसार योजना सम्पन्न भएपछि ८० हेक्टर जमिनमा थप सिँचाइ सुविधा विस्तार भएको छ । यससँगै जिल्लामा ६ हजार ९४४ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको उनले बताए । आचार्यका अनुसार स्वीकृत ११४ योजनामध्ये सात वटा विभिन्न कारणले कार्यान्वयन हुन सकेनन्। प्राविधिक समस्या, स्थलगत कठिनाइ, ठूलो लागतका योजना भए पनि पर्याप्त बजेट नहुनु र अन्य कारणले ती योजना रोकिएका हुन्।

निसीखोलाको एउटा योजना ढोरपाटन सिकार आरक्षभित्र परेकाले काम गर्न नसकिएको उनले बताए। केही योजनामा लागत धेरै भए पनि बजेट कम भएकाले कार्यान्वयन हुन सकेन । जाउलेपानी–मधु सिँचाइ योजना आरक्ष क्षेत्रभित्र परेकाले रोकिएको हो भने खाराखेतदेखि भब्रेटा–झिङ्गलबारी–रातामाटा–घम्सिन–सोरबोट–खप्तरीबाङ सिँचाइ योजना लिफ्टिङ प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले प्राविधिक रूपमा कार्यान्वयन गर्न कठिन भएको उनको भनाइ छ। यस्तै, बागपानी–कटुवाल डेरा सिँचाइ योजना, निसीखोला–५ का लागि दुई पटक ठेक्का आह्वान गर्दा पनि कुनै निर्माण कम्पनीले आवेदन नदिएको उनले जानकारी दिए । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका प्रमुख सुजन खड्काले ठूलो लागतका योजनामा पर्याप्त बजेट नआउँदा कार्यान्वयनमा समस्या भएको बताउनुभयो । एक करोड लागतको योजनामा १० लाख मात्र बजेट आउँदा काम गर्न चुनौती भएको उनको भनाइ छ।

उनका अनुसार केही योजनाको स्रोत सुनिश्चित गरी आगामी आर्थिक वर्षदेखि बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन गर्ने गरी ठेक्का लगाइएको छ । काठेखोलाको रेश, बडिगाडको मालारानी र तमानखोलाको नर्जाखानीलगायत योजना १५ वटा प्याकेजमा ठेक्का लगाइएको उनले जानकारी दिए । ‘हामीले नयाँ संरचना निर्माण गर्नुका साथै पुराना सिँचाइ कुलोको मर्मत पनि गरेका छौँ,’ प्रमुख खड्काले भने, ‘सिँचाइ सुविधा पुगेपछि केही बाँझो जमिनमा पनि यस वर्ष धान रोपिएको छ। ’रासस

## बागलुङमा सिँचाइ सुविधा........

व्यवसायीहरूको भनाइ छ।

आन्दोलनरत व्यवसायीहरूले दोषी कर्मचारीमाथि निष्पक्ष छानबिन, ठेक्का प्रक्रियामा देखिएका कमजोरी तत्काल सुधार तथा पीडित व्यवसायीहरूको समस्या शीघ्र समाधान गर्न माग गरेका छन् । माग सम्बोधनमा ढिलाइ भए आन्दोलन थप कडा बनाइने चेतावनीसमेत उनीहरूले दिएका छन्।

यस घटनाबारे पूर्वाधार विकास कार्यालय, धनुषाले भने अहिलेसम्म आधिकारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन।



***बफै गाउँमा रोपाइँ गर्न किसानलाई चटारो:*** *धनुषाको विदेह नगरपालिका–८, बफै गाउँमा मनसुन सुरु भए लगत्तै असारको अन्तिमतिर रोपाइँ गर्दै रोपाहार । यस समयमा बफै गाउँमा किसानलाई रोपाइँ  गर्न चटारो परेको छ । तस्बिरः चन्द्रदेव साह*

# चाँदी नदी र सुत्ने खोलामा ढुंगागिटी तस्करलाई चैन

**मधेशदृष्टि**
**रौतहट।**

सरकारले असारदेखि भदौसम्म नदी तथा खोलाबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खननमा रोक लगाएको भए पनि रौतहटको चन्द्रपुर नगरपालिका–३ गैंडाटारस्थित चाँदी नदी र सुत्ने खोलामा अवैध उत्खनन भइरहेको स्थानीयवासीले गुनासो गरेका छन् । स्थानीयका अनुसार निषेधित अवधिमा समेत ट्र्याक्टर प्रयोग गरी बालुवा तथा ढुङ्गा उत्खनन कार्य निरन्तर भइरहेको छ।

यसले नदी तथा खोलाको प्राकृतिक स्वरूपमा असर पुग्नुका साथै वातावरणीय सन्तुलन बिग्रने जोखिम बढाएको उनीहरूको भनाइ छ। स्थानीयवासीले अवैध उत्खननबारे सम्बन्धित निकायलाई पटक–पटक जानकारी गराए पनि आवश्यक अनुगमन तथा नियन्त्रणका लागि प्रभावकारी पहल नभएको आरोप लगाएका छन्।

सरोकारवाला निकायको बेवास्ताका कारण उत्खनन कार्य अझै जारी रहेको उनीहरूको दाबी छ । वर्षायाममा नदीजन्य पदार्थ उत्खनन गर्दा बाढी, कटान तथा अन्य प्राकृतिक विपद्को जोखिम बढ्ने भएकाले सरकारले असारदेखि भदौसम्म यस्तो कार्यमा रोक लगाउने व्यवस्था गरेको छ । स्थानीयले अवैध उत्खनन तत्काल रोक्न, दोषीमाथि कानुनी कारबाही गर्न तथा नदी–खोलाको संरक्षणका लागि प्रभावकारी अनुगमन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# जगरनाथपुरका अधिकृतलाई जरिवाना

**मधेशदृष्टि**
**वीरगंज।**

राष्ट्रिय सूचना आयोगले पर्साको जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवलाई नागरिकले माग गरेको सार्वजनिक सूचना उपलब्ध नगराएको भन्दै १६ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ।

स्थानीयवासीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम गाउँपालिकासँग विभिन्न सार्वजनिक सूचना माग गर्दा आवश्यक विवरण उपलब्ध नगराइएपछि आयोगमा उजुरी दिएका थिए । उनीहरूले गाउँपालिकाले सञ्चालन गरेका निर्माण योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट, खर्च विवरण तथा अन्य सार्वजनिक सरोकारका विषयमा सूचना माग गरेका थिए।

उजुरीमाथि गरिएको छानबिनका क्रममा आयोगले सार्वजनिक निकायका जिम्मेवार अधिकारीले नागरिकको सूचनाको हक सुनिश्चित गर्ने कानुनी दायित्व पूरा नगरेको ठहर गरेको छ। आयोगका अनुसार सूचना उपलब्ध गराउन पटक–पटक निर्देशन दिइए पनि प्रमुख प्रशासकीय अधिकृत यादवले त्यसको पालना नगरेकाले सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाअनुसार आर्थिक जरिवाना गरिएको हो।

आयोगले आफ्नो निर्णयमा सार्वजनिक निकायका सूचना अधिकारी तथा कार्यालय प्रमुखहरूले नागरिकलाई कानूनले तोकेको समयसीमाभित्र सूचना उपलब्ध गराउनुपर्ने दायित्व रहेको उल्लेख गरेको छ। समयमै सूचना नदिनु वा अनावश्यक ढिलाइ गर्नु सूचनाको हकसम्बन्धी ऐनको उल्लङ्घन हुने आयोगले स्पष्ट पारेको छ।

जरिवानासँगै आयोगले प्रमुख प्रशासकीय अधिकृत यादवमाथि आवश्यक विभागीय कारबाही गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ । मन्त्रालयलाई कानूनबमोजिम आवश्यक प्रक्रिया अघि बढाउन आग्रह गरिएको आयोगले जनाएको छ।

त्यसैगरी, राष्ट्रिय सूचना आयोगले जगरनाथपुर गाउँपालिकालाई स्थानीयवासीले माग गरेका नीति, कार्यक्रम, बजेट, योजना तथा निर्माणसम्बन्धी सम्पूर्ण सार्वजनिक सूचना तत्काल उपलब्ध गराउन निर्देशन दिएको छ । सूचनाको हकसम्बन्धी ऐनले प्रत्येक नागरिकलाई सार्वजनिक निकायसँग सम्बन्धित सूचना माग्ने तथा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

सार्वजनिक निकायले आफ्नो कामकारबाहीमा पारदर्शिता कायम गर्दै नागरिकप्रति जवाफदेही बन्नुपर्ने कानुनी व्यवस्था रहेको छ । आयोगले यसअघि पनि सूचना उपलब्ध नगराउने विभिन्न सरकारी निकायका जिम्मेवार अधिकारीमाथि कारबाही गर्दै आएको छ।

स्थानीय तहमा विकास निर्माण, बजेट कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहप्रति नागरिकको चासो बढिरहेका बेला सूचना प्रवाहमा पारदर्शिता र जवाफदेहिता अझ महत्वपूर्ण बनेको आयोगको निर्णयले संकेत गरेको छ।

# सशस्त्रद्वारा भन्सार छलेका सामान बरामद



**मधेशदृष्टि**
**पर्सा।**

सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले वीरगंज महानगरपालिका–१ छपकैया सुकुम्बासी टोलमा छापामारी गरी करिब तीन लाख रुपैयाँ बराबरका अवैध कपडा बरामद गरेको छ । विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्म वीरगंज, इलाका प्रहरी कार्यालय छपकैया तथा वीरगंज भन्सार कार्यालयको संयुक्त टोलीले मंगलबार छापामारी गरेको हो । खानतलासीका क्रममा मेलु साह तुराहाको घर र गोठबाट लुकाइछिपाइ राखिएका सुटिङ, थानका कपडा तथा कुर्ता–सुरुवालका कपडासहित पाँच पोका बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद कपडाको अनुमानित मूल्य तीन लाख रुपैयाँ रहेको छ। उक्त सामान आवश्यक कानुनी कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी बल नं. १३ गण मुख्यालय पर्साले जनाएको छ।

# करेन्ट लागेर किसानको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**

सीमावर्ती क्षेत्रस्थित बलरा नगरपालिका –१, हथियौलमा करेन्ट लागेर एक जना किसानको मृत्यु भएको छ।

हथियौलका सुरेन्द्रप्रसाद सिंहको बटैया खेत कमाउने भारतको सितामढी श्रीनगर बिहार बस्ने ५० वर्षीय अरविन्दकुमार सिंहको करेन्ट लागेर मृत्यु भएको हो । अरविन्दकुमार आफूले बटैया कमाएको खेतमा पानी लगाउन मङ्गलबार राति सिमावारी नेपालतर्फ सर्लाहीको हथियौल गाउँ आउनुभएको थियो । सिँचाइ गर्नेक्रममा करेन्ट लागेर घटनास्थलमै मृत्यु भएका अरविन्दकुमारको शव बुधबार बिहान बुवा र परिवारका अन्य सदस्य भएर घरमा लगेपछि मात्र घटनाबारे प्रहरीमा जानकारी आएको थियो।

प्रहरी चौकी छन्कीटोला र इलाका प्रहरी कार्यालय गडहियाबाट खटिएको प्रहरी टोली घर पुगेर मृतकको शव पोस्टमार्टमका लागि बुधबार मध्यान्ह प्रादेशिक अस्पताल मलङ्गवा ल्याएको छ। घटनाको सम्वन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

उनका अनुसार अरविन्दकुमारलाई राति के कुन समयमा करेन्ट लाग्यो भनी प्रष्ट हुन सकेको छैन।

यता, बाराको महागढीमाई नगरपालिका–११ मधुरी टोलमा विद्युतीय राइस कुकर चलाउने क्रममा करेन्ट लागेर एक महिला घाइते भएकी छन्।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार बुधबार बिहान करिब ९ः३० बजे स्थानीय राककुमार रामकी १९ वर्षीया श्रीमती प्रतिमा कुमारी रामलाई खाना पकाउने क्रममा राइस कुकरबाट करेन्ट लागेको हो।

करेन्ट लागेर घाइते भएकी उनलाई प्रादेशिक अस्पताल, कलैयामा उपचार भइरहेको घाइतेको स्वास्थ्य अवस्था खतरा मुक्त रहेको प्रहरीले जनाएको छ । घटनाको जानकारी प्राप्त भएपछि प्रहरी चौकी बरियारपुरबाट प्रहरी नायब निरीक्षक कपिल अधिकारीको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो।

# भारतीयद्वारा पोखरीमा हाम्फालेर आत्महत्या

**मधेशदृष्टि**
**रौतहट।**

ईशनाथ नगरपालिका वडा नम्बर ४ ठूलो लतमरी स्थित मठिया माध्यमिक बिद्यालयको पोखरीमा भारतीय युवकले हाम्फालेर आत्महत्या गरेका छन्। माछा पालनको लागि प्रयोग हुँदै आएको पोखरीमा हाम्फालेको स्थानीयले दिएको सूचनाका आधारमा गएको नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोजतलाश गर्दा युवकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

पोखरीबाट मृत अवस्थामा बरामद भएको युवक भारतको जिल्ला मोतिहारी ग्राम पञ्चायत ढाका ३० बस्ने लाल मोहमदको २३ वर्षीय छोरा मोहमद वजिरको रुपमा सनाखत भएको प्रहरीले जनाएको छ। युवकले पोखरीमा किन हाम्फालेको भने विषयमा खुल्न नसकेको भए पनि घटनाको विषयमा थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# उपसभामुख ठाकुर चीन प्रस्थान



**मधेशदृष्टि**
**धनुषा।**

उपसभामुख रुवी कुमारी ठाकुर पाँच सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जनवादी गणतन्त्र चीन प्रस्थान गरेकी छन् । उनी चीनको न्याङ्ग्ची शहरमा आयोजना हुने पाँचौँ चीन–सिजाङ सीमापार अन्तर्राष्ट्रिय सहकार्य मञ्चमा सहभागी हुन बुधबार बिहान सिचुआन एयरलाइन्सको उडानमार्फत् चीन प्रस्थान गरेकी हुन् । उपसभामुखसँगै प्रतिनिधिमण्डलमा संघीय संसद् सचिवालयका सचिव डा. रोजनाथ पाण्डे, उपसचिव विमला घिमिरे, उपसचिव नागेन्द्र चौधरी तथा कम्प्युटर प्रोग्रामर अनिशा ढकाल सहभागी छन्।

असार ३१ गतेदेखि साउन १ गतेसम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय मञ्चमा उपसभामुख रुवी कुमारीले नेपाली प्रतिनिधिमण्डलको तर्फबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

भ्रमणका क्रममा उनको सिजाङस्थित लिन्ची शहरमा चिनियाँ कम्युनिष्ट पार्टीका सचिव वाङ जुनझेङसँग शिष्टाचार भेटवार्ता गर्ने कार्यतालिका पनि रहेको संघीय संसद् सचिवालयले जनाएको छ । प्रतिनिधिमण्डल साउन ४ गते नेपाल फर्कने कार्यक्रम रहेको छ।

# उत्कृष्ट छात्रालाई साइकल




मधेशदृष्टि
पर्सा।

धोबिनी गाउँपालिका–३ का समाजसेवी तथा शिक्षाप्रेमी दीपक कुमार पटेलले आफ्नो गाउँस्थित दुई विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्दै उत्कृष्ट छात्रालाई साइकल प्रदान गरेका छन्।

शम्भु प्रसाद आधारभूत विद्यालय, हरिहरपुर उत्तरटोल र नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, हरिहरपुरमा आयोजित कार्यक्रममा वार्षिक परीक्षा अन्तर्गत कक्षा ४ उत्तीर्ण गरी प्रथम स्थान हासिल गर्ने एक–एक जना छात्रालाई प्रोत्साहनस्वरूप एक–एक थान साइकल वितरण गरिएको हो।

साथै, दुवै विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत सम्पूर्ण छात्रछात्रालाई एक–एक थान कापी र कलम पनि वितरण गरिएको थियो।

समाजसेवी तथा शिक्षाप्रेमी दीपक कुमार पटेलले छात्राहरूको मनोबल उच्च बनाउने, शिक्षाप्रति रुचि अभिवृद्धि गर्ने तथा विद्यालयमा नियमित अध्ययन गर्न प्रेरित गर्ने उद्देश्यले उक्त सहयोग गरेको बताएका छन् । स्थानीयवासीले पनि यस्तो अभियानले विद्यार्थीलाई थप उत्साहित बनाउने विश्वास व्यक्त गरेका छन्।

कार्यक्रममा विद्यालयका जग्गादाता शम्भु प्रसाद कुर्मी, प्रधानाध्यापक सोनालाल प्रसाद, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबालक राउत कुर्मी, समाजसेवी तथा शिक्षाप्रेमी हरगुन राउत कुर्मी, गरिब मजदुर किसान उत्थान युवा समाजका अध्यक्ष सलमान अहमद, समाजसेवी सुशील गिरी, अजय कुमार पटेल, शिक्षाप्रेमी तथा समाजसेवी उपेन्द्र प्रसाद कुर्मीलगायतको उल्लेखनीय सहभागिता रहेको थियो।

# पाँच दिनदेखि गजेन्द्रनारायण अस्पतालमा  प्रयोगशाला बन्द

**मधेशदृष्टि**
**वीरगंज।**

सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आवश्यक केमिकल अभाव भएपछि प्रयोगशालाका विभिन्न परीक्षण सेवा पाँच दिनदेखि बन्द भएका छन्।

अस्पतालमा सेवा अवरुद्ध भएपछि बिरामीहरू निजी प्रयोगशालामा महँगो शुल्क तिरेर परीक्षण गराउन बाध्य भएका छन्।

अस्पताल प्रशासनका अनुसार केमिकल अभावका कारण सीबीसी, थाइराइड, सीआरपी क्वान्टिटेटिभ, सीके–एमबी, सीपीके र एमाइलेज लगायतका महत्वपूर्ण प्रयोगशाला परीक्षण हाल बन्द भएको छ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. वीरेन्द्र मण्डलले आवश्यक केमिकल अभावका कारण केही परीक्षण सेवा अस्थायी रूपमा प्रभावित भएको स्वीकार गरे । उनले आवश्यक सामग्री खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको र छिट्टै केमिकल उपलब्ध गराएर सबै प्रयोगशाला सेवा पुनः सञ्चालन गरिने बताएका छन्।

# भारतीयद्वारा पोखरीमा हाम्फालेर आत्महत्या

**मधेशदृष्टि**
**रौतहट।**

ईशनाथ नगरपालिका वडा नम्बर ४ ठूलो लतमरी स्थित मठिया माध्यमिक बिद्यालयको पोखरीमा भारतीय युवकले हाम्फालेर आत्महत्या गरेका छन् । माछा पालनको लागि प्रयोग हुँदै आएको पोखरीमा हाम्फालेको स्थानीयले दिएको सूचनाका आधारमा गएको नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोजतलाश गर्दा युवकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

पोखरीबाट मृत अवस्थामा बरामद भएको युवक भारतको जिल्ला मोतिहारी ग्राम पञ्चायत ढाका ३० बस्ने लाल मोहमदको २३ वर्षीय छोरा मोहमद वजिरको रुपमा सनाखत भएको प्रहरीले जनाएको छ । युवकले पोखरीमा किन हाम्फालेको भने विषयमा खुल्न नसकेको भए पनि घटनाको विषयमा थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# ठोरीमा सञ्चार सञ्जाल कमजोर

**मधेशदृष्टि**
**वीरगंज।**

सङ्घीय सरकारले ‘डिजिटल नेपाल’ अभियानलाई उच्च प्राथमिकताका साथ अघि बढाइरहेका बेला पर्साको सीमावर्ती तथा पर्यटकीय क्षेत्र ठोरी गाउँपालिका भने अझै भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाबाट वञ्चित रहेको छ।

सामान्य वर्षा, हावाहुरी वा विद्युत् आपूर्ति अवरुद्ध हुनेबित्तिकै नेपाल टेलिकमको नेटवर्क पूर्ण रूपमा बन्द हुने समस्याले स्थानीयवासी, व्यवसायी, विद्यार्थी तथा पर्यटक दैनिक सास्ती खेप्न बाध्य भएका छन्।

ठोरी, ब्रह्मनगर, विजयबस्ती र सुवर्णपुरमा नेपाल टेलिकमका टावर सञ्चालनमा रहे पनि पर्याप्त ब्याकअप विद्युत् प्रणालीको अभावका कारण विद्युत् अवरुद्ध हुनेबित्तिकै मोबाइल तथा इन्टरनेट सेवा ठप्प हुने गरेको स्थानीयको गुनासो छ । यसले बैंकिङ सेवा, अनलाइन कारोबार, शैक्षिक गतिविधि, सरकारी सेवा तथा पारिवारिक सम्पर्कसमेत प्रभावित भइरहेको स्थानीय बासिन्दाहरूको भनाइ छ।

## सम्पादकीय

# सत्ताको लुकामारी र धर्मराउँदो संघीयता

नेपालको प्रादेशिक राजनीतिमा फेरि एकपटक अस्थिरताको बादल मडारिएको छ। विशेषगरी कर्णाली र सुदूरपश्चिम प्रदेशका सरकारहरू गम्भीर संकटमा परेका छन्, जसले संघीयता कार्यान्वयनको चरणमा रहेका प्रदेशहरूलाई थप अन्योलतर्फ धकेलेको छ । केन्द्रमा हुने सत्ता समीकरणको फेरबदल र दलहरूबीचको आपसी अविश्वासको प्रत्यक्ष असर प्रदेश तहमा देखिनुले हाम्रा राजनीतिक दलहरूमा संस्थागत परिपक्वताको अभाव रहेको पुष्टि गर्दछ । सरकार ढल्ने र बन्ने यो श्रृंखलाले विकास निर्माणका कामलाई मात्र रोकेको छैन, आम नागरिकमा व्यवस्थाप्रति नै निराशा पैदा गरिरहेको छ।

वर्तमान संकटको मुख्य जड पुराना र ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको बढ्दो दरार नै हो। पछिल्लो समय यी दुई दलबीच नीतिगत र कार्यशैलीगत विषयमा देखिएको मतभेदले प्रदेश सरकारका जगहरू हल्लिएका छन्। सत्ताको भागबण्डा र शक्ति संघर्षमा अल्झिएका यी दलहरूले जनमतको अपमान गर्दै आफ्नै सहयात्री दलहरूसँग दूरी बढाउनु विडम्बनापूर्ण छ। यो दरारले केवल सरकारलाई मात्र अस्थिर बनाएको छैन, बरु लोकतान्त्रिक अभ्यासमा हुनुपर्ने स्वस्थ प्रतिस्पर्धालाई पनि ओझेलमा पारेको छ।

मधेश प्रदेशको राजनीतिक समीकरण झनै पेचिलो बनेको छ। यहाँ एमाले र कांग्रेसको गठबन्धन मात्र सरकार टिकाउन पर्याप्त देखिँदैन, किनकि मधेशको विशिष्ट राजनीतिक परिवेश र शक्ति सन्तुलनमा यी दुई दलको मात्र पकड कमजोर छ । साना र क्षेत्रीय दलहरूको समर्थन बिना यहाँ स्थिर सरकारको परिकल्पना गर्न कठिन छ। यसले गर्दा मधेशमा सत्ताको साँचो फेरि पनि अन्य शक्तिहरूको हातमा पुग्ने निश्चित देखिएको छ, जसले ठूला दलहरूलाई आफ्नो रणनीति पुनर्विचार गर्न बाध्य तुल्याएको छ।

यही तरल राजनीतिक अवस्थाका बीच मधेशवादी दलहरूले पुनः सत्ताको बागडोर सम्हाल्ने बलियो सम्भावना देखिएको छ । मधेशको पहिचान र अधिकारका मुद्दा बोकेका दलहरूका लागि यो एक अवसर र चुनौती दुवै हो। ठूला दलहरूबीचको विवादले सिर्जना गरेको रिक्ततालाई उपयोग गर्दै मधेश केन्द्रित दलहरूले नेतृत्वमा पुनरागमन गर्ने बाटो खुलेको छ । यदि उनीहरूले यो मौका पाए भने, यसले मधेशको राजनीतिमा क्षेत्रीय शक्तिहरूको सान्दर्भिकता पुनः स्थापित गर्नेछ र केन्द्रलाई पनि प्रदेशको स्वायत्तताको सम्मान गर्न दबाब दिनेछ।

निष्कर्षमा, सरकार परिवर्तनको यो निरन्तर खेलले संघीयताको मर्ममाथि नै प्रहार गरिरहेको छ । कर्णालीदेखि मधेशसम्म देखिएको यो राजनीतिक अस्थिरताले जनताका आधारभूत आवश्यकता र प्रदेशको विकासलाई ओझेलमा पारेको छ । दलहरूले केवल सत्ता प्राप्तिको दाउपेचमा मात्र केन्द्रित नभई राजनीतिक स्थिरता र सुशासनका लागि गम्भीर हुनु आवश्यक छ। पटक–पटकको सरकार परिवर्तनले लोकतन्त्रलाई बलियो बनाउँदैन, बरु यसले व्यवस्थाप्रति नै वितृष्णा फैलाउने भएकाले सबै पक्षले जिम्मेवार आचरण देखाउनु आजको मुख्य आवश्यकता हो।

# ओझेलमा परेका पर्यटकीय क्षेत्रको प्रवर्द्धन हुँदै

–मिला दरै/रासस

तनहुँ प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, धार्मिक आस्था, सांस्कृतिक विविधता तथा ग्रामीण जीवनशैलीले भरिपूर्ण छ । पृथ्वीराजमार्गले जोडिएको, पोखरा र काठमाडौँको बीचमा रहेको यस जिल्लामा विश्वप्रसिद्ध वेदव्यासको तपोभूमि, बन्दीपुर, देवघाटधाम र शुक्लागण्डकीजस्ता पर्यटकीय गन्तव्यले राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटकलाई आकर्षित गरिरहेका छन्। तर, यिनै चर्चित गन्तव्यको छायाँमा तनहुँका दर्जनौँ पर्यटकीय क्षेत्र भने अझै ओझेलमा छन्।

पछिल्ला केही वर्षयता स्थानीय तह, गण्डकी प्रदेश सरकार, पर्यटन व्यवसायी तथा स्थानीय समुदायको सक्रियताले यस्ता ओझेलमा परेका पर्यटकीय क्षेत्रको प्रवद्र्धन हुन थालेको छ । सडक पहुँच विस्तार, पदमार्ग निर्माण, धार्मिक स्थल संरक्षण, घरबास (होमस्टे) सञ्चालन, डिजिटल प्रचारप्रसार तथा स्थानीय संस्कृति संरक्षणका कार्यक्रममार्फत ती क्षेत्रलाई पर्यटनको मुख्य नक्सामा जोड्ने प्रयासले प्रवद्र्धन गर्न सहज भएको छ।

जिल्लाका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका क्षेत्र प्रशस्त छन्। तर, पर्याप्त प्रचारप्रसार, पूर्वाधार र योजनाको अभावमा अधिकांश क्षेत्रले अपेक्षित पर्यटक आकर्षित गर्न सकेका छैनन् । व्यास नगरपालिका–४ स्थित तनहुँ कालिका सहिद जङ्गल पार्क, व्यास–५ स्थित मानहुँकोट, व्यास नगरपालिका–८ स्थित सहिद गाउँ पुलिमराङ, सहिद पार्क, रिस्ती फाँट, प्राचीन ठूलो ढुङ्गा, नमुना घरबास टुटेपानी, नेपालकै पहिलो सौर्य ऊर्जा परियोजना, देवीथान, तनहुँसुर, मिर्लुङकोट, ऋषिङ, घण्टाचुलीलगायत पर्यटकीय क्षेत्र रहेका छन्।

त्यस्तै, परासर गुफा, व्यास गुफा, अनन्त गुफा, चमेरे गुफा (गुप्तेश्वर गुफा), सिद्ध गुफा, शीतल गुफा, तनहुँसुर इको ट्रेक, आदिकवि भानुभक्त आचार्यको जन्मस्थल, घाँसीकुवा, दुबुङकोट, भुजीकोटलगायत ओझेलमा परेका क्षेत्रको अहिले प्रवद्र्धन हुन थालेका छन्। नेपालीमा भ्रमणको प्रचलन बढेसँगै ओझेलमा परेका क्षेत्रको प्रवद्र्धन हुन थालेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताए।

‘ओझेलमा परेका क्षेत्रको आधुनिकीकरण र प्रविधिको उपयोगले प्रवद्र्धनमा सहयोग पुगेको देखिन्छ,’ उनले भने, ‘यसका साथै नगरपालिकाभित्रको पर्यटकीय, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको पहिचानलाई प्राथमिकतामा राखिएका छौँ।’ यी अमूर्त सम्पदालाई आयसँग जोड्ने प्रयासमा जुटेको उनको भनाइ छ।

आँबुखैरेनी गाउँपालिका–५ स्थित समुद्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरी मन्दिर धार्मिक तथा प्राकृतिक गन्तव्य हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालसँगै तनहुँ, गोरखा, कास्की र चितवनका मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। हिन्दू धर्मावलम्बीका लागि धार्मिक आस्थाको केन्द्र भए पनि व्यवस्थित पदमार्ग, पर्याप्त विश्रामस्थल र प्रचारको कमीले यसको पर्यटन सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन।

### धार्मिक पर्यटनका नयाँ केन्द्र

देवघाटधाम तनहुँको सबैभन्दा चर्चित धार्मिक गन्तव्य हो । देवघाटबाहेक पनि जिल्लाका विभिन्न पालिकामा धार्मिक महत्वका मन्दिर तथा तीर्थस्थल छन् । आँबुखैरेनी गाउँपालिकाको ऐतिहासिक आँधीमूल, बन्दीपुर गाउँपालिकाको थानीमाई मन्दिर रहेका छन्। यी क्षेत्रको संरक्षण तथा प्रवद्र्धनका लागि स्थानीय सरकारले वार्षिक बजेट विनियोजन गर्दै आएको छ।

छाब्दी बाराही मन्दिर, ढोरबाराही मन्दिर, छाङ्गा बाराही मन्दिर, अकला मन्दिरलगायत धार्मिक गन्तव्यको पर्याप्तमात्रामा प्रवद्र्धन हुन सकेको छैन । धार्मिक पर्यटनसँगै योग, ध्यान तथा आध्यात्मिक पर्यटनको विकास गर्ने अवधारणाले पनि गति लिँदै गएको छ। दुईदिने बिदाले पनि यस्ता लुकेका क्षेत्रमा आन्तरिक पर्यटक पुग्ने र डिजिटल माध्यमबाट प्रवद्र्धन गर्ने गरेको स्थानीय त्रिलोचन लम्सालले बताए।

### ग्रामीण पर्यटन र होमस्टेको विस्तार

पर्यटनको नयाँ अवधारणाअनुसार ग्रामीण जीवनशैली, स्थानीय संस्कृति तथा मौलिक खानपानप्रति पर्यटकको आकर्षण बढ्दो छ । तनहुँका विभिन्न गाउँमा सञ्चालन भएका घरबास (होमस्टे)ले ग्रामीण पर्यटनलाई नयाँ उचाइतर्फ उकासेको छ।

व्यास, देवघाट, बन्दीपुर, भानु, म्याग्दे, ऋषिङ, शुक्लागण्डकी, भिमाद तथा घिरिङ क्षेत्रका घरबासमा स्थानीय संस्कृति, परम्परागत खाना, लोकनृत्य तथा कृषि अनुभव गराउने व्यवस्था गरिएको पाइन्छ । पछिल्ला वर्षमा ग्रामीण पर्यटनप्रति आन्तरिक पर्यटकको आकर्षण उल्लेखनीय रूपमा बढेको पाइएको पर्यटन विद हरिसिं गुरुङले जानकारी दिनुभयो। उनले भने, ‘होमस्टेले स्थानीय रोजगारी, महिला उद्यमशीलता तथा स्थानीय उत्पादनको बजारीकरणमा सकारात्मक योगदान पु¥याएको देखिन्छ ।’ यसले ग्रामीण क्षेत्रका महिलालाई आर्थिक रुपमा सबल बनाउन मद्दत पुगेको उनको बुझाइ छ।

दरै, मगर र गुरुङ संस्कृतिले बढाएको आकर्षण तनहुँ विभिन्न जातजातिको साझा बसोबास रहेको जिल्ला मानिन्छ । विशेषगरी दरै, मगर, गुरुङ, नेवार, ब्राह्मण, क्षेत्रीलगायत समुदायका मौलिक संस्कृति पर्यटकका लागि आकर्षण माध्यम बनेको छ।

दरै समुदायको चुड्का नाच, गुरुङ समुदायको रोधी संस्कृति, मगर समुदायका मौलिक कौराहा, परम्परा, स्थानीय मेलापर्व तथा सांस्कृतिक कार्यक्रम पर्यटनसँग जोड्ने प्रयास भइरहेको पर्यटनविद् गुरुङले बताए । ‘पर्यटन केवल प्राकृतिक दृश्यमा सीमित हुँदैन। स्थानीय जीवनशैली, भाषा, वेषभूषा, कला र संस्कृतिलाई पनि पर्यटनसँग जोड्नसके ग्रामीण अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउन सकिन्छ,’ उनले भने, ‘यसले गर्दा संस्कृति संरक्षणमा समेत टेवा पुगेको छ।’

गण्डकी प्रदेश सरकार, स्थानीय तह तथा सङ्घीय सरकारको सहकार्यमा पर्यटकीय पूर्वाधार निर्माणले गति लिन थालेको छ। हाल विभिन्न क्षेत्रमा सडक स्तरोन्नति, पदमार्ग, विश्रामस्थल, खानेपानी, शौचालय, सूचना केन्द्र, पार्किङ, भ्यू टावर तथा डिजिटल सूचना बोर्ड निर्माण भइरहेका छन्। पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डले पनि स्थानीय तहसँग सहकार्य गर्दै पर्यटन पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

### डिजिटल प्रवर्द्धनको प्रभाव

सामाजिक सञ्जाल, युट्युब, टिकटक तथा अन्य डिजिटल माध्यमले तनहुँका ओझेलमा रहेका अधिकांश स्थानलाई चर्चामा ल्याउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। मानहुँकोट, छिम्केश्वरी, विभिन्न झरना तथा ग्रामीण गन्तव्यका भिडियो लाखौँ पटक हेरिएका भेटिन्छन् । यसले आन्तरिक पर्यटकको आगमनमा उल्लेखनीय वृद्धि भएको स्थानीय बताउँछन् । डिजिटल प्रचारले कम लागतमा गन्तव्य चिनाउन सहयोग पुगे पनि त्यसअनुसार पूर्वाधार विस्तार नगरे पर्यटकको अनुभव कमजोर हुनसक्ने भादगाउँ दरै समाजका कोषाध्यक्ष वीरबहादुर दरैले बताए। ‘अहिलेको समय प्रविधिको युग भएकाले प्रवद्र्र्धनमा सहज छ,’ उनले भने।

### स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव

ओझेलमा रहेका पर्यटकीय क्षेत्र प्रवद्र्धनसँगै स्थानीय होटल, रेस्टुरेन्ट, होमस्टे, कृषि उत्पादन, हस्तकला तथा यातायात व्यवसायमा सकारात्मक प्रभाव देखिन थालेको छ । किसानले उत्पादन गरेका तरकारी, मह, कोदो, मकै, गहुँ, स्थानीय परिकार तथा हस्तकलाका सामग्रीको बिक्री बढ्दै गएको व्यावसायीकरण हुँदै गएको पाइन्छ। महिला तथा युवाले होमस्टे, गाइड सेवा, कृषि पर्यटन तथा साना उद्यममार्फत आयआर्जनको अवसर सिर्जना भएको छ । पर्यटन विकाससँगै वातावरण संरक्षणलाई पनि प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको स्थानीयको भनाइ छ । वन क्षेत्र, जैविक विविधता, पानीका मुहान तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन विकास देखिएको पर्यटनविद् गुरुङले बताए । उनका अनुसार अनियन्त्रित निर्माण, प्लास्टिकजन्य फोहर तथा प्राकृतिक सम्पदाको दोहनले दीर्घकालमा पर्यटनलाई नै असर गर्नसक्ने भएकाले दिगो पर्यटनको अवधारणालाई व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता देखिन्छ।

### चुनौती र सरकारी पहल

सम्भावना प्रशस्त भए पनि तनहुँका धेरै पर्यटकीय क्षेत्रले विभिन्न चुनौती सामना गरिरहेका छन्। पर्याप्त बजेट अभाव, सडकको कमजोर अवस्था, गुणस्तरीय आवास सुविधा कमी, दक्ष पर्यटन जनशक्ति अभाव, एकीकृत पर्यटन योजना नहुनु तथा प्रभावकारी प्रचारप्रसारको कमी रहेका पर्यटनविद् गुरुङले बताए । ‘कतिपय पर्यटकीय स्थलमा फोहर व्यवस्थापन, सुरक्षा, खानेपानी तथा शौचालयजस्ता आधारभूत सुविधासमेत पर्याप्त छैनन्,’ उनले भने, ‘केही पहल भइरहेका छन्। पूर्वाधार विकाससँगै स्थानीय समुदायको स्वामित्व र सहभागिता सुनिश्चित गर्नसके मात्रै पर्यटन दिगो बन्न सक्छ।’

गण्डकी प्रदेश सरकारले पर्यटनलाई आर्थिक विकासको प्रमुख आधारका रूपमा अघि बढाउँदै विभिन्न जिल्लामा नयाँ पर्यटकीय गन्तव्य पहिचान, पूर्वाधार निर्माण तथा प्रवद्र्धनका कार्यक्रम सञ्चालन गर्दै आएको छ । तनहुँका स्थानीय तहले पनि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पर्यटनलाई प्राथमिकता दिँदै भ्यूटावर, पदमार्ग, धार्मिकस्थल संरक्षण, होमस्टे प्रवद्र्धन तथा सांस्कृतिक महोत्सव सञ्चालन गरिरहेका छन्।

# अन्तरराष्ट्रिय सम्मानले उचाल्यो म्याराथनको साख

–रुपनी जिएम/रासस

‘मैले पनि सोचेको थिएन एम्सले मलाई यसरी सम्मान गर्छ र मैले नै यो वर्षको अवार्ड पाउँछु भन्ने। काम गर्दै जाँदा यस्ता अन्तरराष्ट्रिय अवार्डले पनि सम्मानित भइनेरहेछ,’ यो भनाइ हो–नेपालगन्ज धारा म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीको।

नेपालगञ्जलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुदको नक्सामा स्थापित गर्ने उद्देश्यले करिब एक दशकअघि सुरु गरिएको नेपालगञ्ज धारा म्याराथुनले यस वर्ष प्रतिष्ठित एम्स सोसल अवार्ड–२०२६ प्राप्त गरेपछि बाँकेसहित समग्र नेपाली खेलकुद क्षेत्र उत्साहित बनेको छ। विश्वका विभिन्न देशका खेलकुद संस्था आबद्ध रहेको एम्सबाट नेपालले पहिलोपटक प्राप्त गरेको यो सम्मानले नेपालगन्ज धारा म्याराथनलाई मात्र होइन, सिङ्गो नेपालको खेलकुदलाई अन्तरराष्ट्रिय समुदायमाझ नयाँ परिचय दिलाएको छ।

बाँकेको खजुरा गाउँपालिकामा जन्मिएका टिएस ठकुरीले आफ्नो व्यावसायिक यात्रा पत्रकारिताबाट सुरु गरेका थिए। उनले २०६५ देखि २०६९ सालसम्म काठमाडौँस्थित नेपाल समाचारपत्रमा पत्रकारिता गरे । राजधानीमा रहँदा देशका विभिन्न सहरले खेलकुदका माध्यमबाट आफ्नो पहिचान निर्माण गरिरहेको देख्दा उनलाई नेपालगन्ज भने सम्भावना हुँदाहुँदै पनि ओझेलमा परेको महसुस भयो। यही सोचले उनलाई नेपालगन्जलाई फरक ढङ्गले चिनाउने अभियान सुरु गर्न प्रेरित ग¥यो।

त्यतिबेला पोखरा म्याराथन, धरानको बुढासुब्बा गोल्डकप तथा रुपन्देहीको तिलोत्तमा म्याराथनजस्ता प्रतियोगिताले राष्ट्रिय चर्चा पाउने गर्थे । नेपालगन्जलाई पनि खेलकुदमार्फत राष्ट्रिय पहिचान दिलाउन सकिन्छ भन्ने विश्वासका साथ उनले म्याराथनलाई रोजे।

धावन एउटा यस्तो खेल हो, जहाँ उमेर, पेसा वा सामाजिक पृष्ठभूमिभन्दा इच्छाशक्ति र सहभागिताले महत्व पाउँछ । यही कारण सबैलाई समेट्ने खेलका रूपमा म्याराथनलाई अघि बढाइएको उनी बताउँछन्।

सन् २०१५ मा आयोजना गरिएको पहिलो नेपालगन्ज धारा म्याराथनमा ३१५ जना धावक सहभागी भएका थिए । सीमित स्रोत, न्यून अनुभव र आर्थिक अभावबीच सुरु भएको प्रतियोगिता आज हजारौँ धावकको सहभागिता हुने अन्तरराष्ट्रियस्तरको प्रतियोगिताका रूपमा विकसित भएको छ। हाल प्रत्येक संस्करणमा झण्डै पाँच हजारभन्दा बढी धावक सहभागी हुने गरेका छन् तर टिएसका लागि खेलकुदको यो यात्रा भने सहज थिएन।

प्रतियोगिता सञ्चालनका लागि सबैभन्दा ठूलो चुनौती आर्थिक व्यवस्थापन नै हुन्छ। त्यसमा पनि म्याराथन जस्तो खेल सामान्य त हुने कुरै भएन। खेलप्रतिको विश्वास र दृढ इच्छा शक्तिका आधारमा टिएस ठकुरीले निजी क्षेत्रसँग सहकार्यको पहल गरे । उनले ‘के एल दुग्गड ग्रुप अफ कम्पनी’लाई नेपालगन्जको पहिचान निर्माण गर्ने अभियानमा सहभागी हुन आग्रह गरे । कम्पनीका नेपालगन्ज प्रमुख कार्यकारी अधिकृत प्रदीप छाजेडले पनि टि एसको उक्त अवधारणालाई सकारात्मक रूपमा स्वीकार गरे। त्यसयता निरन्तर ‘के एल दुग्गड ग्रुप’ नै मुख्य प्रायोजक रहँदै आएको छ । यही सहकार्यका कारण प्रतियोगिता ‘नेपालगन्ज धारा म्याराथन’ नामले स्थापित हुन सफल भएको।

पहिलो संस्करणदेखि नै प्रतियोगिताले खेलकुदसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकता दिँदै आएको छ। स्वस्थ जीवनशैली, युवालाई खेलतर्फ आकर्षित गर्ने, महिला सहभागिता बढाउने तथा नेपालगन्जलाई खेल पर्यटनसँग जोड्ने उद्देश्यले विभिन्न गतिविधि सञ्चालन गरिँदै आएका छन् । यसले स्थानीय होटल, यातायात, व्यापार तथा पर्यटन व्यवसायलाई प्रत्यक्ष रूपमा लाभ पु¥याउँदै आएको छ।

विश्वका १२० देश आबद्ध रहेको एम्ससँग करिब ६०० सदस्य संस्था छन् । नेपालबाट यसवर्ष प्राप्त भएको यो पहिलो तथा एकमात्र अवार्ड हो। टिएस ठकुरीका अनुसार एम्ससँग आबद्ध हुने नेपालको पहिलो म्याराथन पनि नेपालगन्ज धारा म्याराथन नै हो। हाल नेपालका सात वटा म्याराथन एम्ससँग आबद्ध भए पनि नेपालगन्ज धारा म्याराथनले सुरुदेखि नै अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा अग्रणी भूमिका खेलेको उनको भनाइ छ।

यो सम्मान प्राप्त भएपछि पनि आफूले यसलाई व्यक्तिगत उपलब्धिका रूपमा नलिएको टिएस ठकुरी बताउँछन् । ‘मैले नेपालगन्ज धारा म्याराथन कुनै अवार्ड जित्ने उद्देश्यले सुरु गरेको होइन। मेरो एउटै सपना थियो, नेपालगन्जलाई खेलकुदमार्फत चिनाउने। आज त्यो सपना पूरा हुँदै गएको देख्दा अत्यन्त खुसी लागेको छ,’ उनले भने, ‘यो सम्मान मेरो व्यक्तिगत होइन, सिङ्गो नेपालका लागि प्राप्त भएको गौरव हो। नेपालगन्ज धारा म्याराथन एउटा माध्यम मात्र बनेको हो।’

उनका अनुसार प्रतियोगिताले अनेकौँ चुनौती पार गरेको छ। कोभिड–१९ महामारीका बेला विश्वभर अधिकांश खेल गतिविधि रोकिए पनि नेपालगन्ज धारा म्याराथन पूर्ण रूपमा रोकिएन। नेपाल सरकारले तय गरेको स्वास्थ्य मापदण्ड पालना गर्दै २५ पुरुष र २५ महिलाको सहभागितामा प्रतियोगिता सञ्चालन गरिएको अध्यक्ष ठकुरीले बताए। कठिन परिस्थितिमा पनि प्रतियोगिताको निरन्तरता कायम राख्न सक्नु नै यसको सबैभन्दा ठूलो उपलब्धिमध्ये एक भएको उनको भनाइ छ।

‘नेपालगन्ज धारा म्याराथन’को अन्तरराष्ट्रिय यात्रामा निजी क्षेत्रको साथ पनि उत्तिकै महत्वपूर्ण रहेको उनले उल्लेख गरे । मुख्य प्रायोजक के एल दुग्गड ग्रुपले सुरुदेखि देखाएको विश्वास, स्थानीय समुदायको साथ र स्वयंसेवकको समर्पणकै कारण आजको उपलब्धि सम्भव भएको उनको भनाइ छ।

नेपालगन्ज धारा म्याराथनको सफल यात्रामा मुख्य प्रायोजकका रूपमा निरन्तर साथ दिँदै आएको ‘केएल दुग्गड ग्रुप’को योगदानलाई आयोजकले महत्वपूर्ण उपलब्धिका रूपमा लिने गरेका छन् । सुरुआतदेखि नै प्रतियोगितालाई आर्थिक तथा नैतिक रूपमा साथ दिँदै आएको कम्पनीले खेलकुदलाई सामाजिक उत्तरदायित्वसँग जोडेर हेरेको छ।

संस्थापक अध्यक्ष टिएस ठकुरीका अनुसार निजी क्षेत्रको विश्वास र सहकार्यबिनाको अवस्थामा नेपालगन्ज धारा म्याराथनलाई निरन्तरता दिन निकै कठिन हुने थियो । प्रायोजक संस्थाको विश्वासले मात्र प्रतियोगितालाई स्थायित्व दिएको होइन, अन्तरराष्ट्रिय मञ्चसम्म पुग्ने आत्मविश्वाससमेत प्रदान गरेको उनको भनाइ छ। ‘के एल दुग्गड ग्रुप’ का नेपालगन्ज प्रमुख कार्यकारी अधिकृत प्रदीप छाजेडले नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको अन्तरराष्ट्रिय सम्मान सम्पूर्ण नेपालका लागि गर्वको विषय भएको बताए।

‘हामीले नेपालगन्ज धारा म्याराथनलाई सुरुदेखि नै एउटा खेल प्रतियोगिताभन्दा पनि नेपालगन्जको पहिचान निर्माण गर्ने अभियानका रूपमा हेरेका थियौँ। आज एम्स सोसल अवार्ड–२०२६ प्राप्त हुनु हामी सबैका लागि अत्यन्त गौरवको क्षण हो। उनले भने, ‘हाम्रो सानो सहयोगले यति ठूलो उपलब्धिमा साथ दिन पाएकामा खुसी लागेको छ। यो सम्मानले निजी क्षेत्र र खेलकुदबीचको सहकार्यले असम्भव जस्तो लाग्ने लक्ष्य पनि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। आगामी दिनमा पनि हाम्रो साथ निरन्तर रहनेछ।’

बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भीमराज शाहीले नेपालगञ्ज धारा म्याराथनले अन्तरराष्ट्रिय सम्मान प्राप्त गर्ने समाचार सुरुमा आफूलाई विश्वास नै नलागेको बताए । ‘पहिलो पटक अवार्ड पाउने कुरा सुन्दा मैले कल्पना पनि गरेको थिइन । औपचारिक रूपमा अवार्ड प्राप्त गर्ने कुरा पक्का भएपछि पनि पत्यार लागिरहेको थिएन,’ उनले भने, ‘जब टिएसजीले वास्तवमै यो सम्मान प्राप्त गरे, त्यसपछि खुसीको सीमा नै रहेन।’ यो नेपालगन्जको मात्र उपलब्धि नभएर सिङ्गो नेपालको नाम विश्व खेलकुद समुदायमाझ चिनाउने ऐतिहासिक सफलता भएको पनि उनले बताए। उनका अनुसार यस्ता व्यक्तित्व र अभियानलाई राज्यले पनि उचित सम्मान गर्नुपर्छ।

नेपालगन्ज धारा म्याराथनको प्रचारप्रसार तथा सञ्चार व्यवस्थापनमा सुरुदेखि नै सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएका हाम्रो खेलकुद डटकमका सम्पादक प्रकाश तिमिल्सेनाले पनि यस्ता अन्तरराष्ट्रिय सम्मानले नेपालको खेलकुद क्षेत्रको सम्भावनालाई थप उजागर गरेको बताए। ‘खेलकुदमा प्राप्त हुने अन्तरराष्ट्रिय सम्मानले देशको प्रतिष्ठा बढाउने काम गर्छ। नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको यो उपलब्धिले नेपाली खेलकुद विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्षम रहेको प्रमाणित गरेको छ,’ तिमिल्सेनाले भने, ‘अब यस्ता अभियानलाई सरकारले नीतिगत, आर्थिक तथा पूर्वाधारका हिसाबले अझ बढी सहयोग गर्नुपर्छ। निजी क्षेत्र, सञ्चारमाध्यम र खेल संस्थाबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनसके नेपालबाट अझ धेरै अन्तरराष्ट्रिय सफलता हासिल गर्न सकिन्छ।’

महिला राष्ट्रिय क्रिकेट टोलीकी पूर्वउपकप्तान तथा सञ्चारकर्मी ममता थापा पहिलो संस्करणदेखि नै नेपालगन्ज धारा म्याराथनसँग प्रत्यक्ष रूपमा जोडिँदै आएका छन्। उनले प्रतियोगिताको सुरुदेखिको सङ्घर्ष र अहिलेको उपलब्धि नजिकबाट देख्नुभएको अनुभव सुनाउँदै यो सम्मान सम्पूर्ण नेपाली खेलाडीका लागि प्रेरणाको स्रोत बनेको बताए । ‘धारा म्याराथनले यस्तो प्रतिष्ठित अन्तरराष्ट्रिय अवार्ड प्राप्त गर्ला भन्ने मैले पनि सोचेकी थिइनँ । अवार्ड प्राप्त गरेको खबर सुनेपछि निकै खुसी लाग्यो,’ उनले भने, ‘म स्वयं खेलाडी भएकाले यो उपलब्धिको महत्व अझ गहिरोसँग महसुस गर्न सक्छु । यसले नेपालका खेलाडीलाई मेहनत र निरन्तरताले विश्वस्तरमा पनि पहिचान बनाउन सकिन्छ भन्ने आत्मविश्वास दिएको छ । यो धारा म्याराथुनको मात्र सफलता होइन, सम्पूर्ण नेपाली खेलकुद परिवारको गौरवको विषय हो।’

खेलकर्मीहरूका अनुसार नेपालगन्ज धारा म्याराथनले केबल धावन प्रतियोगिता आयोजना गर्ने काम मात्र गरेको छैन । यसले खेलमार्फत सामाजिक एकता, स्वस्थ जीवनशैली, पर्यटन प्रवद्र्धन, स्थानीय अर्थतन्त्रको चलायमानता तथा नेपालगन्जको अन्तरराष्ट्रिय पहिचान निर्माणमा उल्लेखनीय योगदान पु¥याएको छ।

प्रतियोगिताका अवसरमा देशका विभिन्न जिल्लासँगै विदेशबाट पनि धावक नेपालगन्ज आउनेक्रम बढ्दै गएको छ। यसले होटल, यातायात, रेष्टुरेन्ट, व्यापार तथा अन्य सेवा क्षेत्रमा सकारात्मक प्रभाव पारेको स्थानीय व्यवसायीहरूको अनुभव छ।

पत्रकारिताबाट सुरु भएको टि एस ठकुरीको एउटा सोंच आज अन्तरराष्ट्रिय सम्मानमा परिणत हुनु आफैँमा प्रेरणादायी यात्रा बनेको छ। सीमित स्रोत, अनेक चुनौती र निरन्तर सङ्घर्षका बीच सुरु भएको नेपालगन्ज धारा म्याराथनले आज विश्व खेलकुद समुदायबाट सम्मान प्राप्त गर्दै नेपालको खेल इतिहासमा एउटा नयाँ अध्याय थपेको छ । एम्स सोसल अवार्ड–२०२६ ले नेपालगन्ज धारा म्याराथनको प्रतिष्ठा मात्र उचालेको छैन, नेपाली खेलकुदको क्षमता, सम्भावना र अन्तरराष्ट्रिय स्वीकार्यतालाई पनि नयाँ उचाइमा पु¥याएको छ । खेलकर्मीको विश्वास छ, यो उपलब्धिले आगामी दिनमा नेपालमा खेल पर्यटन, म्याराथन संस्कृति र अन्तरराष्ट्रिय खेलकुद सहकार्यलाई थप विस्तार गर्ने आधार तयार पार्नेछ । साथै नेपालगन्ज धारा म्याराथनले तय गरेको यो यात्रा आगामी पुस्ताका लागि प्रेरणाको स्रोतका रूपमा रहने विश्वाससमेत व्यक्त गरिएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सुकुमवासी समस्या, महँगी नियन्त्रणलगायतका विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौं ।**
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले सुकुमवासी समस्या, महँगी नियन्त्रण, सुशासनका विषयमा सरकारको ध्यानाकर्षण गरेका छन् । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद गीता गुरुङले सुकुमवासी समस्याको दिगो व्यवस्थापन, महँगी नियन्त्रण, शिथिल अर्थतन्त्रलाई नयाँ गति दिन तथा जनतामा आशा जगाउने गरी काम गर्न सरकारको ध्यानाकर्षण गराइन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का गङ्गादेवी श्रेष्ठले कूटनीतिक प्रयासमार्फत नेपाल–भारत सीमा समस्या समाधान गर्न सरकारलाई सुझाव दिइन् ।

नेपाली कम्युनिष्ट पार्टीका महेन्द्रबहादुर शाहीले आरोपप्रत्यारोप त्यागेर समृद्धिको जनअपेक्षा पूरा गर्नेतर्फ सबैको प्रयास केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरे । श्रम संस्कृति पार्टीका अम्बिकादेवी सङ्ग्रौलाले नागरिकको जीउधनको रक्षा गर्ने जिम्मेवारी सत्ता र प्रतिपक्ष दुवैको भएको उल्लेख गर्दै कानुनी शासन कायम गर्न सरकारको ध्यानाकर्षण गराइन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका ताहीर अलि भाटले सदनको गतिरोध अन्त्य गरेर सभाका कामकारबाहीलाई व्यवस्थित बनाउने सन्दर्भमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सभामुखलाई सुझाव दिए । त्यसअघि बैठक प्रारम्भ हुने बित्तिकै विपक्षी दलहरूले आसनबाट उठेर विरोध जनाएका थिए । रासस

# निजी क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको छः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले देशको पर्यटन प्रवद्र्धनका निम्ति द्रुत गतिमा काम भइरहेकाले होटल व्यवसायीलाई चिन्ता नगर्न आग्रह गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार होटल सङ्घ नेपाल (हान) का पदाधिकारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर काम गर्न अनुरोध गरे ।

प्रधानमन्त्री शाहले व्यवसायीलाई कानुनको पालना गर्दै आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन र सार्वजनिक–निजी साझेदारी (पिपिपी) ढाँचामा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न आग्रह गरे । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल समेत सहभागी भएको उक्त छलफल कार्यक्रममा हानका पदाधिकारीहरूले मुलुकको होटल उद्योग वार्षिक ४० लाख पर्यटकलाई सेवा दिन सक्षम रहेको जानकारी गराए । हाल वार्षिक १२ लाख मात्र पर्यटक भित्रिरहेका जानकारी दिँदै व्यवसायीहरूले पर्यटक आगमन बढेसँगै आन्तरिक रोजगारीमा वृद्धि गर्ने र नेपाली युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्न होटल उद्योग एक बलियो माध्यम बन्ने बताए ।

मुलुकलाई आरोग्य पर्यटन, ‘विवाह गन्तव्य’ र सीमापार पर्यटनका रुपमा विकास गर्न प्रचुर सम्भावना रहेको औँल्याउँदै उनीहरूले सरकारसमक्ष केही नीतिगत माग प्रस्तुत गरेका छन् । उनीहरूले होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शययासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शययासम्म कायम गर्न माग गरे । यसैगरी, उनीहरूले पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गरी नेपाल एयरलाइन्सको सेवामा सुधार ल्याउन अनुरोध गरे ।

उनीहरूले वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत ‘ट्रेडमार्क’ प्रयोगको ‘रोयल्टी’ रकम, प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा नबढ्ने व्यवस्था संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य कानुन संशोधन तथा पुनरवलोकन गर्न आग्रह गरेका थिए । मुलुकलाई विवाह गन्तव्यका लागि गरगहना ल्याउने प्रक्रिया सहज बनाउन र आरोग्य पर्यटनको प्रवद्र्धनका लागि ‘फोटो–भिडियो’मा मात्र सीमित नभई ‘फुल स्टोरी टेलिङ’ सहितको ‘प्याकेज’ र विज्ञहरूको व्यवस्था गर्न उनीहरूले सरकारसँग आग्रह गरेका थिए ।

हानका कार्यवाहक अध्यक्ष दिनेश तुलाधर, महासचिव साजन शाक्य, कोषाध्यक्ष युवराज श्रेष्ठ, कार्यसमिति सदस्यद्वय जयदिन श्रेष्ठ र आश्लेषा कार्की तथा सचिवालय प्रमुख टेकबहादुर महत सहभागी थिए । रासस

# सुदूरपश्चिम प्रदेश सरकारबाट एमालेको समर्थन फिर्ता



**सुदूरपश्चिम ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको छ ।

धनगढीमा बुधबार बसेको एमाले प्रदेश संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको संसदीय दलका नेता राजेन्द्रसिंह रावलले जानकारी दिएका छन् । उनले आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटमा पार्टीको असहमति रहेको र समाधानका लागि छलफल भइरहेका बेला आफ्नो पार्टीबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूलाई पदमुक्त गरेपछि समर्थन फिर्ता लिनुपरेको बताएका छन् ।

नेता रावलले पार्टीभित्र छलफल तथा नेताहरुसँग आवश्यक परामर्शपछि आगामी योजना निर्माण गरिने र प्रदेश सरकार तथा बजेटबारे धारणा सार्वजनिक गरिने जानकारी दिएका छन् ।

मुख्यमन्त्री कमलबहादुर शाहले बुधबारै एमालेबाट सरकारमा प्रतिनिधित्व गर्ने भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्की र भौतिक पूर्वाधार विकास राज्यमन्त्री निर्मला साउदलाई पदमुक्त गरेको थियो । रासस

# श्रम निरीक्षणसम्बन्धी महासन्धि अनुमोदन

**काठमाडौं ।**
प्रतिनिधिसभाको बुधबारको बैठकले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ (नं.८१) सर्वसम्मतबाट अनुमोदन भएको छ । बैठकमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सो महासन्धिको ८१ नं बुँदा अनुमोदनका लागि प्रस्ताव गरेका थिए । त्यसअघि उक्त महासन्धिको उक्त बुँदामाथि भएको छलफलमा क्रान्तिशिखा धिताल, गुरुप्रसाद बराल, रमेशकुमार मल्ल, कृष्णहरि बुढाथोकी, कमल सुवेदी, पारसमणि गेलाल, प्रभा कार्की, प्रमिला कुलुजु, गणेशबहादुर विश्वकर्मा, मनिष खनाल, हरिमोहन भण्डारी र राजन गौतमले भाग लिएका थिए ।

उनीहरूले स्वायत्त र सक्षम जनशक्तिको विकास गरेर प्रतिस्पर्धी र पारदर्शिता अपनाउन आग्रह गरे । साथै श्रेणीविहीन कर्मचारीको सेवा सुविधा बढाउनुपर्नेमा सरकारले अस्थायी र करार कर्मचारीलाई हटाउन खोजेकामा चिन्ता व्यक्त गरे । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले सो महासन्धिको नं ८१ को अनुमोदनले श्रम निरीक्षण प्रणाली र श्रमिकको अधिकार संरक्षणलाई सुदृढ बनाउने बताए । ‘अनुमोदनपछि यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ’, उनले भने । रासस

# राष्ट्रिय सुरक्षा र कूटनीतिक सम्बन्धमा असर पार्ने चलचित्रलाई प्रदर्शन अनुमति नदिइने

**काठमाडौँ ।**
सूचना तथा सञ्चार मन्त्रालयले मुलुकको सुरक्षा, शान्ति तथा व्यवस्था र मित्रराष्ट्रसँगको सुसम्बन्धमा असर पर्ने विषयवस्तु समावेश भएका चलचित्रलाई प्रदर्शन अनुमति नदिन चलचित्र विकास बोर्डलाई निर्देशन दिएको छ ।

मन्त्रालयले यही असार २६ गते चलचित्र विकास बोर्डलाई पत्राचार गर्दै चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ (३) अनुसार यस्ता विषयवस्तु भएका चलचित्रलाई चलचित्र जाँच समितिबाट प्रदर्शन अनुमति दिन नमिल्ने व्यवस्था रहेको स्मरण गराएको हो । निर्देशनमा नेपालभित्र सार्वजनिक प्रदर्शन हुने सबै चलचित्रले अनिवार्य रूपमा चलचित्र जाँच समितिबाट प्रचलित ऐन तथा नियमावलीबमोजिम जाँचपास गराउनुपर्ने छ ।

मन्त्रालयले चलचित्र निर्माता, वितरक तथा सरोकार भएका अन्यले ऐनको उक्त प्रावधानको पूर्ण पालना गर्नुपर्ने भन्दै जाँचका क्रममा ऐनविपरीतका विषयवस्तु समावेश भएका चलचित्र प्राप्त भएमा प्रदर्शन अनुमति दिन नसकिने जनाएको छ । साथै, उक्त व्यवस्था सबै निर्माता, वितरक तथा सम्बन्धित पक्षलाई जानकारी गराई आवश्यक समन्वय गर्न चलचित्र विकास बोर्डलाई अनुरोध गरिएको छ । रासस

# किसानलाई समयमा नै मल आपूर्ति गर्नुपर्नेमा जोड



**काठमाडौं ।**
राष्ट्रियसभाका सांसदले उचित समयमा रासायनिक मल नपाउँदा किसान समस्यामा परेको भन्दै समस्या समाधानका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरूले बुधबारको बैठकको शून्य समयमा रासायनिक मलको सहज आपूर्तिका साथै प्रेस स्वतन्त्रताको संरक्षण, सुकुम्वासी समस्या समाधान, मिटरब्याज पीडितलाई न्याय तथा लागूऔषध नियन्त्रणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सांसद गीता देवकोटाले गोदाममा मल पर्याप्त मौज्दात रहेको दाबी गरिए पनि किसानको खेतसम्म रासायनिक मल पुग्न नसकेको बताउँदै समयमै मलको उपलब्धता सुनिश्चित गर्न आग्रह गरिन् । सांसद चन्द्रबहादुर केसीले किसानले मलको अभाव झेलिरहेको, कर्णाली प्रदेशमा सडक दुर्घटना बढिरहेको, ट्राफिक जरिवाना वृद्धिले सर्वसाधारण प्रभावित भएको तथा मिटरब्याज पीडितको समस्या यथावत् रहेकाले सरकारले तत्काल समाधानका लागि पहल गर्नुपर्ने बताए ।

सांसद मीनासिंह रखालले प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपले लोकतन्त्रलाई कमजोर बनाउने भन्दै अभिव्यक्ति स्वतन्त्रताको पूर्ण संरक्षण गर्न सरकारसँग माग गरिन् । सांसद रञ्जित कर्णले सुकुम्वासीको समस्या लामो समयदेखि समाधान हुन नसकेको उल्लेख गर्दै उनीहरूको व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्ने धारणा राखे । यसैगरी, सांसद रेखाकुमारी झाले आधारभूत सेवा सुविधाबाट सुकुम्वासी वञ्चित हुनुपरेको उल्लेख गर्दै उनीहरूको आवास तथा जीवनयापनको समस्या समाधान गर्न सरकारसँग आग्रह गरिन् । सांसद रोश्नी मेचेले नेपालमा युवामाझ लागुऔषध प्रयोग बढ्दै गएको भन्दै नियन्त्रणका लागि नीतिगत बहस सुरु गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइन् । यसैगरी, सांसद वासुदेव घिमिरेले मिटरब्याज पीडितलाई शीघ्र न्याय दिलाउन सरकारसँग माग गरे ।

सांसद सम्झना देवकोटाले गोरखामा चैते धान, लिची तथा तरकारी उत्पादनमा कमी आएको उल्लेख गर्दै जलवायु तथा कृषि समस्याबाट किसान प्रभावित भएकाले उनीहरूको संरक्षण र राहतका लागि सरकार उत्तरदायी हुनुपर्ने बताइन् । सांसद सुनिलबहादुर थापाले कोशी प्रदेशमा मौसम अनुकूल भए पनि मल अभावका कारण धान रोपाइँ अपेक्षाअनुसार हुन नसकेको भन्दै किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन आग्रह गरे ।

बैठकको शून्य समयमा सांसद सोमनाथ पोर्तेल, खम्मबहादुर खाती, रामकुमारी झाँक्री र धर्मेन्द्र पासवानले पनि मल अभाव, प्राकृतिक विपद्, बाढीपहिरो, महँगीलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# मानसिक स्वास्थ्य नीति परिमार्जन र स्वास्थ्य बिमा कार्यान्वयनमा सांसदको जोड

**काठमाडौं ।**
सांसदहरूले मानसिक स्वास्थ्यसम्बन्धी नीति परिमार्जन, सुविधा सम्पन्न अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रमको कार्यान्वयन तथा ‘डिजिटल’ सेवा प्रवाहलाई प्राथमिकता दिन सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका केपी खनालले आत्मदाह, आत्महत्या तथा डिप्रेसनलगायत समस्याको समाधानका लागि अविलम्ब मानसिक स्वास्थ्यसम्बन्धी नीति परिमार्जन गर्न सत्ता र प्रतिपक्ष एकजुट हुनुपर्नेमा जोड दिए ।

सोही पार्टीका राजकिशोर महतोले मुलुकका ठूला तथा सुविधा सम्पन्न अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराए । श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बूले यातायात व्यवस्था विभागको केन्द्रीय सर्भरमा समस्या आएकाले समस्याको यथाशीघ्र समाधान गर्न आग्रह गरे । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का रिङ्गला यादवले पनि सोही समस्या समाधानमा जोड दिँदै यातायात व्यवस्था विभाग र भूमि व्यवस्थापन तथा अभिलेख व्यवस्थापन विभागका सर्भर तत्काल मर्मत गरी आधारभूत सार्वजनिक सेवा सुचारु गर्न माग गरे । नेपाली कांग्रेसका निश्कल राईले इलामका जीर्ण सडक पूर्वाधार तत्काल मर्मतसम्भार गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराए ।

नेपाली कम्युनिष्ट पार्टीका बलावती शर्माले बागलुङको काठेखोला गाउँपालिका–७ र ८ भएर बग्ने रेशाखोला तर्ने क्रममा गुल्मीको मुसिकोटकी ४५ वर्षीया मीना कार्की बेपत्ता भएकीले निजको खोजी गर्न प्रशासनको ध्यानाकर्षण गराइन् । रास्वपाका धनेन्द्र कार्कीले सिन्धुलीको गोलञ्जोर गाउँपालिका–४ मा केही दिनअघि पहिरोले हेमबहादुर दुराको घर पुरिएको र उद्धारका लागि परिचालन भएको सुरक्षाकर्मीको टोली सडक अवरुद्ध हुँदा समयमै पुग्न नसकेको जानकारी दिँदै जीर्ण सडकको मर्मतसम्भार हुनुपर्ने माग गरे । सोही पार्टीका सोम शर्माले विपद् प्रभावित नागरिकलाई तत्काल राहत र पुनः स्थापना गराउने गरी राज्यका संयन्त्रलाई तयार पार्न आग्रह गरे ।

एमालेका राजेन्द्रकुमार राईले करार तथा अस्थायी सेवामा रहेका कर्मचारीका माग सम्बोधन गर्न आग्रह गरे । सोही पार्टीका साजिदा खातुन सिद्धिकीले लालबकैया र बागमती किनारका बस्ती डुबानको जोखिममा रहेका जनाउँदै प्रभावित क्षेत्रका नागरिकलाई सुरक्षित स्थानमा लैजान आग्रह गरिन् । रासस

# फ्रान्सलाई पराजित गर्दै स्पेन विश्वकपको फाइनलमा



**काठमाडौं ।**
फ्रान्सलाई पराजित गर्दै स्पेन फिफा विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ । अमेरिकाको टेक्सासस्थित डलास स्टेडियममा भएको पहिलो सेमिफाइनल खेलमा स्पेनले फ्रान्सलाई २–० गोलले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो । स्पेनको जितमा मिकेल ओयारजाबाल र पेड्रो पोरोले गोल गरे ।

खेलको पहिलो गोल मिकेल ओयार्जाबालले गरेका थिए । उनले खेलको २२औँ मिनेटमा पेनाल्टीमार्फत गोल गरेका हुन् । फ्रान्सका लुकास डिग्नेले लामिन यमालविरुद्ध ‘फाउल’ गरेपछि स्पेनले ‘पेनाल्टी’ पाएको थियो । त्यसपछि खेलको ५८औँ मिनेटमा पेड्रो पोरोले गोल गर्दै स्पेनको अग्रता दोब्बर बनाए । बाँकी समयमा दुवै टोलीबाट गोल हुन सकेन र स्पेनले फ्रान्समाथि २–० को जित हासिल गर्दै फाइनल यात्रा तय गरेको हो ।रासस

# अलैँचीले फेरिँदै लमजुङका किसानको दैनिकी



**लमजुङ ।**
‘कालो सुन’का रूपमा परिचित अलैँचीले लमजुङका किसानको जीवनस्तर सुधारमा महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको छ । विसं २०४१ देखि जिल्लामा विस्तार हुन थालेको सो खेती अहिले प्रमुख नगदे बालीका रूपमा स्थापित भएको छ । पहाडी भूगोल, चिस्यानयुक्त वातावरण तथा खोल्सा–खोल्सी र छाया पर्ने जमिन अलैँची खेतीका लागि उपयुक्त मानिन्छ । यही कारण जिल्लामा यसको खेती विस्तार हुँदै गएको छ । वैदेशिक रोजगारीबाट फर्किएका युवा त्यस खेतीतर्फ आकर्षित हुन थालेपछि लमजुङ अलैँची उत्पादनको महत्त्वपूर्ण क्षेत्रका रूपमा परिचित बन्दै गएको छ ।

मस्र्याङ्दी गाउँपालिका–७ छिनखोलाका अजय तामाङ दुबईबाट फर्किएर नगदेबालीमा लागेका छन् । उनले ४० रोपनीमा अलैँची खेती विस्तार गरेका छन् । दाना र बिरुवा बिक्रीबाट उहाँले वार्षिक करिब रु १५ लाख बराबर आम्दानी गर्दै आएका छन् । उनी नेपाल अलैँची व्यवसायी महासङ्घ गण्डकी प्रदेशका संयोजक समेत हुन् भने यसअघि लमजुङ शाखाको अध्यक्षको जिम्मेवारी पनि सम्हालिसकेका छन् ।

उनका अनुसार केही वर्षअघि गाउँमै पर्याप्त आम्दानीको आधार नभएपछि रोजगारीका लागि गाउँ छाडेर सहर जानुपरेको थियो । अलैँची खेतीको सम्भावना देखेर उनी गाउँ फर्किएका हुन् । अहिले यही व्यवसायबाट परिवारको खर्च धान्दै सम्मानजनक आम्दानी गर्न सफल भएको र गाउँमै बसेर पनि राम्रो भविष्य बनाउन सकिने उनले बताए ।

नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङ पनि वैदेशिक रोजगारीबाट फर्किएर अलैँची खेतीमा सफल भएका छन् । दश वर्ष मलेसियामा रोजगारी गरेर फर्किभएका उनले बेँसीसहर नगरपालिका–१० खाँचेमा २५ वर्षदेखि उक्त खेती गर्दै आएका छन् । एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढी क्षेत्रफलमा विस्तार भएको छ । केही वर्षअघि रोगका कारण पुराना बोट हटाएर नयाँ बिरुवा लगाउनुपरे पनि अहिले बगान पुनः राम्रो अवस्थामा पुगेको छ । यस वर्ष उनले थप नयाँ बिरुवासमेत रोपेका छन् ।

उनका अनुसार रोग लाग्नुअघि गाउँका धेरै किसानले वार्षिक रु १५ लाखभन्दा बढी आम्दानी गर्ने गरेका थिए । पछिल्ला केही वर्ष रोग र मूल्यका कारण आम्दानी घटे पनि यस वर्ष उत्पादन र मूल्य दुवैमा सुधार आएपछि किसान उत्साहित भएका छन् । सो खेतीबाट प्राप्त आम्दानीले उनले चितवनमा एक कट्ठा जग्गा खरिद गरेका छन् भने गाउँमै चारकोठे घर निर्माण गरेका छन् । विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कृषि व्यवसाय गर्दा कम दुःखमा राम्रो आम्दानी गर्न सकिने अनुभव उनको छ ।

अलैँची खेतीकै कारण पहिले बाझिँदै गएका पाखापखेरा अहिले हराभरा बगानमा परिणत भएका छन् । गाउँ छाडेर गएका केही युवा पनि फर्किएर खेतीमा लाग्न थालेका छन् । यसले गाउँ उजाडिनबाट जोगाउनाका साथै स्थानीयस्तरमै रोजगारी र आम्दानीका अवसर बढाएको उनले बताए । मस्र्याङ्दी गाउँपालिका–७ छिनखोलाकी चित्रमाया तामाङले चालु आर्थिक वर्षमा जिल्लामै सबैभन्दा बढी रु २० लाख बराबरको अलैँची बिक्री गरे ।

जिल्लाका आस गुरुङ, कामरासी गुरुङ, दिलमाया गुरुङ र भुपाल कुँवरलगायतका किसानले पनि यस खेतीबाट वार्षिक रूपमा राम्रो आम्दानी गर्दै आउनुभएको छ । जिल्लामा सबैभन्दा बढी अलैँची उत्पादन र कारोबार मस्र्याङ्दी गाउँपालिकामा हुने गरेको उनको भनाइ छ । मस्र्याङ्दी गाउँपालिका–५ का गज घले पनि पाँच वर्षअघि वैदेशिक रोजगारीबाट फर्किएपछि अलैँची खेतीमा लागेका हुन् । हाल सात रोपनी क्षेत्रफलमा अलैँची खेती गर्दै आएका उनले वार्षिक रु पाँच लाखसम्म आम्दानी गर्दै आएका छन् ।

विदेशको रोजगारी छाडेर आफ्नै गाउँमा अलैँची खेती गर्दै परिवारसँग बस्न पाउँदा सन्तुष्ट रहेको र आगामी दिनमा व्यवसायलाई अझ विस्तार गर्ने सोच रहेको उनले जानकारी दिए । मस्र्याङ्दी गाउँपालिका–७ लुदीका सोमबहादुर तामाङले पनि मलेसियामा १० वर्ष रोजगारी गरेपछि स्वदेश फर्किएर अलैंची खेतीलाई व्यावसायिक बनाएका हुन् । एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढीमा विस्तार भएको छ । यस वर्ष चार क्विन्टलभन्दा बढी अलैँची उत्पादन हुने र करिब रु आठ लाख आम्दानी हुने उनले सुनाए ।

उनका अनुसार विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कम दुःखमा राम्रो आम्दानी गर्न सकिएको छ । अलैँची खेतीबाट घरपरिवारको खर्च धान्नुका साथै अन्य कृषि व्यवसाय विस्तार गर्न पनि सहज भएको उनको अनुभव छ । कम लगानी र तुलनात्मक रूपमा कम मिहिनेतमै राम्रो आम्दानी गर्न सकिने भएकाले अलैँची खेतीको भविष्य राम्रो रहेको उनले बताए । मूल्यमा हुने उतारचढाव, रोग व्यवस्थापन र उत्पादनमा आउने कमी अझै पनि कृषकका मुख्य चुनौतीका रूपमा छन् ।

केही वर्षअघि रोगका कारण धेरै बगान प्रभावित भए पनि अहिले नयाँ बिरुवा विस्तार भएसँगै उत्पादन क्रमशः सुधार हुँदै गएको छ । विगतका केही वर्ष मूल्य सन्तोषजनक नभए पनि यस वर्ष प्रतिकिलो रु एक हजार ८०० देखि रु दुई हजार ५०० बराबरको मूल्य पाएपछि किसान उत्साहित भएका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १३५ मेट्रिकटन अलैँची बिक्रीबाट रु २४ करोड ३० लाख बराबरको आम्दानी भएको छ । गत आर्थिक वर्षको तुलनामा उत्पादन घटे पनि मूल्य बढेका कारण किसान को आम्दानी बढेको उनको भनाइ छ । छिमेकी मुलुक भारतमा समेत अलैँची उत्पादन घटेकाले माग बढ्दा यहाँका किसानले राम्रो मूल्य पाएका हुन् । कृषि अधिकृत मिजारका अनुसार उत्पादन वृद्धि, रोग व्यवस्थापन, गुणस्तरीय बिरुवा उपलब्ध गराउने तथा प्राविधिक सहयोगलाई प्राथमिकताका साथ अघि बढाइएको छ । किसानलाई आवश्यक तालिम, सचेतनामूलक कार्यक्रम तथा विभिन्न सहयोग उपलब्ध गराउँदै सो खेतीको उत्पादन र गुणस्तर सुधारमा काम भइरहेको उनले बताए ।

परियोजनाका अनुसार जिल्लामा हाल ७५० हेक्टर क्षेत्रफलमा अलैँची खेती भइरहेको छ भने ३७५ हेक्टर क्षेत्रफलमा उत्पादन भइरहेको छ । मस्र्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दूधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिकालाई अलैँची जोन क्षेत्रका रूपमा घोषणा गरिएको छ । लमजुङमा ७०० देखि एक हजार २०० मिटर उचाइमा साउने, जिर्मले र डम्बरशाही, एक हजार २०० देखि एक हजार ६०० मिटर उचाइमा गोलशाही तथा एक हजार ६०० देखि दुई हजार २०० मिटर उचाइमा रामशाही र भलाडे जातका अलैँची खेती हुँदै आएको छ ।

अलैँची खेतीले लमजुङका किसानलाई आयआर्जनको भरपर्दो आधार दिएको छ । यसले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई गाउँमै रोजगारी सिर्जना गर्न, बाँझो जमिनको सदुपयोग गर्न र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पु¥याएको छ । उत्पादन वृद्धि, रोग व्यवस्थापन, गुणस्तर सुधार र स्थिर बजार सुनिश्चित गर्न सके ‘कालो सुन’ अलैँचीले आगामी दिनमा लमजुङको ग्रामीण अर्थतन्त्रलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।रासस

# सुरक्षा परिषद् सुधारमा भारतको जोड



न्युयोर्क ।
भारतले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को व्यापक सुधार अब थप टार्न नसकिने विषय भएको भन्दै विश्व संस्थाहरूलाई वर्तमान यथार्थअनुकूल बनाउन तत्काल कदम चाल्न आह्वान गरेको छ ।

भारतले सुरक्षा परिषद्सँगै महासभाको भूमिका सुदृढ गर्न र आर्थिक तथा सामाजिक परिषद् (इकोसोक) लाई थप प्रभावकारी बनाउँदै बहुपक्षीय प्रणालीलाई भविष्यका चुनौती सामना गर्न सक्षम बनाउनुपर्नेमा जोड दिएको छ । संयुक्त राष्ट्र महासभाले ‘भविष्यका लागि सम्झौता’ को समीक्षा गर्न आयोजना गरेको अनौपचारिक बैठकअन्तर्गत ‘भविष्यका लागि बहुपक्षवाद’ विषयक मन्त्रिस्तरीय गोलमेच कार्यक्रममा संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि राजदूत हरिश पर्वथानेनीले वर्तमान विश्व संरचनाले समकालीन वास्तविकता प्रतिबिम्बित गर्न नसकेको बताएका छन् ।

उनले बहुपक्षवादलाई प्रभावकारी बनाउन सुरक्षा परिषद्को व्यापक सुधार, महासभाको पुनर्जीवन तथा आर्थिक, सामाजिक र वातावरणीय तीनै आयाममा दिगो विकास प्रवद्र्धन गर्न इकोसोकको भूमिका थप सशक्त बनाउन आवश्यक रहेको उल्लेख गरेका छन् ।

राजदूत पर्वथानेनीले विश्वका विभिन्न क्षेत्रमा जारी द्वन्द्वप्रति सुरक्षा परिषद्ले प्रभावकारी प्रतिक्रिया दिन नसकेकाले संयुक्त राष्ट्रसङ्घप्रतिको जनविश्वास कमजोर हुँदै गएको बताएका छन् । प्रभावित जनताको पीडा अन्त्य गर्न परिषद् प्रभावकारी हुन नसकेको भन्दै उहाँले संयुक्त राष्ट्रसङ्घको मूल उद्देश्य अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने क्षमतामाथि नै प्रश्न उठ्न थालेको धारणा व्यक्त गरेका छन् ।

उनका अनुसार सुरक्षा परिषद्को कमजोरीको मुख्य कारण यसको पुरानो संरचना हो ।

सन् १९४० को दशकको विश्व व्यवस्थालाई आधार बनाएर निर्माण गरिएको संरचनाले आजका जटिल चुनौतीको सामना गर्न नसक्ने भन्दै उहाँले सुधारसम्बन्धी अन्तरसरकारी वार्ता (आइजीएन) वर्षौंदेखि निष्कर्षविहीन छलफलमै सीमित रहेको उल्लेख गरेका छन् । कार्यसूचीका महत्त्वपूर्ण विषय अझै कागजमै सीमित रहेको भन्दै उहाँले यो अवस्था परिवर्तन हुनुपर्नेमा जोड दिएका छन् ।

‘भविष्यका लागि सम्झौता’ बारे बोल्दै उहाँले त्यसमा समावेश केही प्रावधानप्रति भारतको गम्भीर असहमति भए पनि रचनात्मक सोचका साथ उक्त सम्झौतामा समर्थन जनाएको बताएका छन् । राजदूत पर्वथानेनीले दिगो विकास लक्ष्य हासिल गर्न पर्याप्त, किफायती र पूर्वानुमानयोग्य वित्तीय स्रोत आवश्यक रहेको उल्लेख गर्दै अन्तर्राष्ट्रिय वित्तीय संरचनामा पनि सुधारको आवश्यकता औँल्याएका छन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई अझ प्रतिनिधिमूलक, उत्तरदायी र विकासमुखी बनाउनुपर्ने उनको भनाइ थियो ।

उनले संयुक्त राष्ट्र सुरक्षा परिषद् तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थासहित विश्वव्यापी शासन प्रणालीमा आवश्यक सुधारका लागि हुने सबै सार्थक प्रयासमा भारतले निरन्तर समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्दै वर्तमान र भावी चुनौती सामना गर्न सक्षम, प्रभावकारी र समावेशी अन्तर्राष्ट्रिय संस्थाको निर्माणमा विश्व समुदाय एकजुट हुनुपर्नेमा जोड दिएका छन् ।रासस

# इरानमाथि अमेरिकी आक्रमण तीव्र



**तेहरान ।**
अमेरिकाले इरानविरुद्धको सैन्य अभियानलाई थप तीव्र बनाउँदै लगातार चौथो दिन मङ्गलबार पनि विभिन्न स्थानमा आक्रमण गरेको छ । साथै, इरानी बन्दरगाहतर्फ आउने–जाने जहाज रोक्ने उद्देश्यले नौसैनिक नाकाबन्दी पुनः लागू गरेपछि वासिङ्टन र तेहरानबीचको तनाव थप चुलिएको छ । इरानले यस कदमले युद्धविराम तथा शान्ति वार्तासम्बन्धी सहमति प्रभावकारी रूपमा समाप्त भएको जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरान वार्तामा नआए अर्को सातादेखि इरानका विद्युत् उत्पादन केन्द्र र रणनीतिक पुललाई लक्षित गरी आक्रमण अझ विस्तार गरिने चेतावनी दिएका छन् । फक्स न्युजसँगको अन्तर्वार्तामा उनले इरान वार्तामा सहमत नभएसम्म ऊर्जा पूर्वाधार र रणनीतिक संरचनामाथिको अभियान जारी रहने बताए । यसअघि हर्मुज जलघाँटी हुँदै आवतजावत गर्ने जहाजमाथि अतिरिक्त शुल्क लगाउने योजना भने उनले फिर्ता लिएका थिए ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्ड (सेन्टकम) ले पछिल्लो आक्रमणको उद्देश्य हर्मुज जलघाँटीमा व्यावसायिक जहाजमाथि आक्रमण गर्न प्रयोग हुने इरानी सैन्य क्षमता कमजोर पार्नु रहेको जनाएको छ ।

सेन्टकमका अनुसार गत साताभित्र इरानले सातवटा व्यापारिक जहाजमाथि आक्रमण गर्दा करिब एक दर्जन चालकदलका सदस्यको मृत्यु, बेपत्ता वा घाइते भएका छन् । निर्दोष नागरिकको ज्यान जोखिममा पार्ने गतिविधिका लागि इरानलाई जवाफदेही ठहर गरिएको सेन्टकमका प्रमुख एडमिरल ब्राड कुपरले बताए । इरानी सरकारी सञ्चारमाध्यमका अनुसार बन्दर अब्बास, हर्मुज नजिकको केशम टापु तथा अन्य स्थानमा विस्फोट भएका छन् । स्थानीय अधिकारीहरूका अनुसार अमेरिकी आक्रमण बुसेहर प्रान्तका विभिन्न क्षेत्र, इरानको एकमात्र नागरिक आणविक विद्युत् केन्द्र तथा इराक र कुवेत सीमावर्ती क्षेत्रसम्म केन्द्रित थियो ।

यसको प्रत्युत्तरमा इरानी सेनाले जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा ड्रोन आक्रमण गरेको इरानी सरकारी समाचार एजेन्सी इरनाले जनाएको छ । साथै, इस्लामिक रिभोलुसनरी गार्ड्सले बहराइनस्थित अमेरिकी सैन्य सुविधा र आवासीय संरचनालाई लक्षित गरी मिसाइल तथा ड्रोन प्रहार गरिएको दाबी गरेको छ ।

इरानका उपविदेशमन्त्री काजेम गरिबाबादीले अमेरिकी नौसैनिक नाकाबन्दी पुनः लागू गर्ने निर्णयले वासिङ्टनसँग द्वन्द्व रोक्न भएको इस्लामाबाद सम्झौतालाई प्रभावहीन बनाएको बताए । अन्तर्राष्ट्रिय समुद्री सङ्गठनका अनुसार हर्मुज जलघाँटीमा दुईवटा जहाजमाथि भएको आक्रमणमा दुई चालकदल सदस्यको मृत्यु भएको छ ।

ओमानको तट नजिक अज्ञात विस्फोटका कारण नर्वेली तेल ट्याङ्करमा क्षति पुगेको एमटिआई नेटवर्कले जनाएको छ । कुवेतले पनि इरानी क्षेप्यास्त्र र ड्रोन आक्रमणका क्रममा आफ्नो एउटा नौसैनिक जहाजमा प्रहार हुँदा चार सैनिक घाइते भएको जनाएको छ ।

राष्ट्रपति ट्रम्पले सोमबार हर्मुज हुँदै आवतजावत गर्ने जहाजमाथि प्रस्तावित २० प्रतिशत अतिरिक्त शुल्क हटाएर त्यसको सट्टा खाडीका साझेदार राष्ट्रसँग व्यापार तथा लगानी सम्झौता गर्ने निर्णय गरिएको जानकारी दिएको थियो । उनका अनुसार ती सम्झौतामार्फत अमेरिकी अर्थतन्त्रमा थप लगानी भित्र्याइनेछ । इरानी सञ्चारमाध्यम र सरकारी विवरणका आधारमा एएफपीले सङ्कलन गरेको तथ्याङ्कअनुसार गत सातादेखिको अमेरिकी आक्रमणमा इरानमा कम्तीमा २८ जनाको मृत्यु भइसकेको छ । क्षेत्रीय तनाव बढ्दै जाँदा बहराइनले इरानबाट प्रहार गरिएका अधिकांश हवाई आक्रमण निष्क्रिय बनाइएको दाबी गरेको छ । जोर्डनले पनि इरानबाट प्रहार गरिएका चारवटा क्षेप्यास्त्र खसालेको जनाएको छ ।

यता, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानले इजरायलमाथि आक्रमण गरे कडा प्रतिकार गरिने चेतावनी दिएका छन् । दक्षिणी सहर डिमोनाबाट सम्बोधन गर्दै उनले इजरायलमाथि हुने कुनै पनि आक्रमणको निर्णायक जवाफ दिइने र विगतजस्तो मौन नबस्ने स्पष्ट पारे ।रासस

# पुनर्वास नगरपालिकाद्वारा विपद् उद्धार सामग्री हस्तान्तरण



**महेन्द्रनगर ।**
कञ्चनपुरको पुनर्वास नगरपालिकाले सशस्त्र प्रहरी बललाई विपद् उद्धार सामग्री हस्तान्तरण गरेको छ । यहाँको दक्षिण क्षेत्रमा रहेको पालिकामा दोदा नदीले क्षति पुर्याउँदै आएको छ भने वर्षात्का समयमा डुबानलगायत समस्याका कारण पालिकाका नागरिक प्रभावित हुने गरेको पुनर्वास नगरपालिकाले जनाएको छ ।
विपद् तथा बाढीका बेला हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि उद्धारमा खटिने सशस्त्र प्रहरीलाई एक थान रवर बोट र दश थान 'लाइफ ज्याकेट'लगायतका उद्धार सामग्री नगरपालिकाले उपलब्ध गराएको सशस्त्र प्रहरी बल नं ३५ शैलेश्वरी गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक प्रेमप्रकाश सिग्देलले जानकारी दिए । उनले उक्त सामग्री पुनर्वासमै रहेको सशस्त्र प्रहरी बलको बिओपीलाई हस्तान्तरण गरिएको बताए ।
त्यसैगरी, सशस्त्र प्रहरी बल नं ७ वैद्यनाथ बाहिनी अत्तरियाले मङ्गलबार पुनर्वास नगरपालिकामा सीमावासीसित अन्तक्रियासमेत गरेको छ । कार्यक्रममा स्थानीय, जनप्रतिनिधि, सुरक्षा निकाय तथा सरोकारवालाबीच सीमा क्षेत्रमा देखिएका समस्या, लागुऔषध नियन्त्रण, तस्करी, मलखाद अभाव, सीमा विवाद तथा विपद् व्यवस्थापनका विषयमा छलफल भएको सशस्त्र प्रहरी बल वैद्यनाथ बाहिनीले जनाएको छ ।
स्थानीयहरूले भारतबाट घरायसी प्रायोजनका लागि सर्वसाधारण नागरिकले ल्याउने सामान्य सामानमा धेरै दुःख दिन नहुने धारणा राखेका थिए । अखाद्य वस्तु तथा तस्करीजन्य सामग्री हो या होइन छुट्याएरमात्रै कारबाही गर्नसमेत उनीहरूले माग गरेका छन् । स्थानीय बजार नै बन्द हुने अवस्था सृजना भएको बताउँदै नेपालमा खोर र भारतबाट कुखुरा ल्याउनेजस्ता गतिविधिमा नियन्त्रण गर्न सशस्त्र प्रहरीले जोड दिनुपर्ने सुझाव दिएका छन् । यस्तै लागुऔषध नियन्त्रणमा जनशक्ति व्यवस्थापन गरी प्रभावकारी बनाउन आग्रह गरेका छन् । सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालयका बहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले कञ्चनपुरमा हाल चारवटा सीमा सुरक्षा पोस्ट (बिओपी)मा नयाँ भवन निर्माण भइसकेको र आगामी वर्ष थप तीनवटा बिओपीमा नयाँ भवन निर्माण हुने प्रक्रिया अघि बढेको जानकारी दिए । उनले व्यक्तिगत प्रयोजनका लागि ५ सय रुपैयाँ भन्दा बढी मूल्यका सामान नल्याउन आग्रह गर्दै विवाह, पूजा वा अन्य बहानामा हुने तस्करी नियन्त्रण गरिने स्पष्ट पारे ।
खराब नियतका सुरक्षाकर्मीमाथि तत्काल कारबाही हुने बताउँदै किसानलाई आवश्यक मल ल्याउन सहजता दिइने तर तस्करीमा संलग्नमाथि कडा कारबाही गरिने बताए । गत वर्ष असारको तुलनामा यस वर्ष ६५ प्रतिशत राजस्व वृद्धि भएको जानकारी दिँदै पत्रकारलाई पुराना तस्बिर प्रयोग नगर्न र आवश्यक परे नयाँ तस्बिर माग्न आग्रह गरे । सीमा विवाद समाधानका लागि दुवै देशका प्राविधिक टोलीले काम गरिरहेको र विपद् व्यवस्थापनमा पालिकासँग समन्वय गरी काम भइरहेको उनले बताए । साथै, विपद् स्वयंसेवक परिचालन तथा 'लुना एप' प्रणाली सञ्चालनमा ल्याइएको जानकारी दिए ।
कार्यक्रमका पुनर्वास नगरपालिकाका प्रमुख तोयप्रसाद शर्माले सर्वसाधारणले दैनिक उपभोगका सामान्य घरायसी सामान भारतबाट ल्याउँदा सहज वातावरण बनाउन आग्रह गरे । तस्करी, अखाद्य वस्तु, मदिरा तथा अन्य अवैध सामानमाथि भने कडाइ गर्नुपर्नेमा उनले जोड दिए । उनले लागुऔषध पुनर्वासका लागि गम्भीर चुनौती बनेको बताउँदै केही स्थानीय युवा यसको चपेटामा परेको बताए ।
किसानलाई मल ल्याउन सहज वातावरण बनाउन, जनप्रतिनिधिको सुझाव सुरक्षा निकायले सुन्न, वडाध्यक्षहरूसँग नियमित समन्वय गर्न पनि उनले सशस्त्र प्रहरीलाई आग्रह गरे । सीमा क्षेत्रमा देखिएका समस्या समाधानका लागि नगरपालिकाले आफ्नो तर्फबाट आवश्यक पहल गरिरहेको उनले बताए । साथै नेपाल प्रहरी र सशस्त्र प्रहरीले विपद्का समयमा पुर्याएको योगदानका लागि धन्यवाद व्यक्त गरे । रासस

# विपद्मा नसर्ने रोगको सेवा निरन्तरताको खाँचो



**काठमाडौँ ।**
नेपालमा बढ्दो नसर्ने रोगको जोखिमलाई कम गर्न स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल आवश्यक रहेकामा जोड दिइएको छ । साथै जोखिमलाई सामना गर्न विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताका लागि संयुक्त प्रयासको खाँचो औँल्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजनाद्वारा 'विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज' विषयक छलफल कार्यक्रम सो खाँचो औँल्याइएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले सासाइटीले विभिन्न मानवीय सेवाका गतिविधिलाई निरन्तर जारी रहेको जानकारी दिए ।
स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा पोमावती थापाले 'नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा' विषयक प्रस्तुति गर्दै नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेकामा जोड दिए । उनले भने' विभिन्न कारणले पछिल्लो समय नेपालमा सरुवा भन्दा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको छ । यसलाई सम्बोधन गर्न संयुक्त प्रयासको खाँचो पर्दछ ।'
कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नसर्ने रोगको जोखिममा रहेका समुदायको पहिचान गरी त्यहीअनुसारको पूर्वतयारी गर्नुपर्ने आवश्यतका औँल्याउनुभयो । डेनिस रेडक्रसको देशीय व्यवस्थापक (नेपाल र बङ्गलादेश) डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्याङ्कलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएको बताए । उनले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, गैरसरुवा रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्त रुपमा अघि बढाउनुपर्नेमा सुझाव दिए ।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्का अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक छ भने ।

डेनिस रेडक्रसका नेपाल कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले बिपद्को समयमा नसर्ने रोगसम्बन्धी बिरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको उत्थानशील नसर्ने रोग परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गरेका थिए ।

नेपाल रेडक्रस, स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्ने रोग व्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो ।

कार्यक्रममा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दिगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरूबीच अन्तक्रियात्मक छलफल भएको थियो । यसमा विपद्को अवस्थामा नसर्ने रोग (एनसिडी) सम्बन्धी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक नीति तथा रणनीतिक व्यवस्था, स्रोत परिचालन, स्वास्थ्य प्रणाली र प्राथमिक स्वास्थ्य सेवासँग एनसिडी सेवाको एकीकरण, आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन, स्थानीय तहको भूमिका, पेन–डीको संस्थागत विकासमा छलफल गरिएको थियो । साथै, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माण, अन्तरराष्ट्रिय अभ्यास, बहुपक्षीय समन्वय तथा विपद्को समयमा नसर्ने रोगका बिरामीलाई गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उपायबारे छलफल गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका निमित्त कार्यकारी निर्देशक मोना अर्यालले विपद्को समयमा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूले अविछिन्न रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न सरकार, रेडक्रस तथा सरोकारवाला निकायबीचको सहकार्य, अनुभव आदानप्रदान र प्रमाणमा आधारित नीतिगत पहललाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रममा कञ्चनपुरको लालझडी गाउँपालिका अध्यक्ष निर्मल रानाले नेपाल रेडक्रस सोसाइटीको सहयोगमा सञ्चालित नसर्ने रोगको परियोजनाबाट पालिकामा पुगेको सहयोगका बारेमा आफ्नो अनुभव प्रस्तुत गरेका थिए ।

छलफलको सहजीकरण रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महाससङ्घ (आइएफआरसी) क्यानेडियन रेडक्रसका एसिया प्रशान्त क्षेत्रीय स्वास्थ्य सल्लाहकार रमेश न्यौपानेले गरेका थिए ।

छलफल कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल रडक्रस सोसाइटी, आइएफआरसी, डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, विश्व स्वास्थ्य सङ्गठन, काठमाडौँ विश्वविद्यालय तथा स्वास्थ्य क्षेत्रमा क्रियाशील विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । रासस

# बाह्रकिलो बजारका घरटहरा स्व:स्फुर्त खाली



**गोरखा।**
गोरखा नगरपालिका–११ को सार्वजनिक जग्गामा सञ्चालित बाह्रकिलो बजारमा बनेका संरचनालाई खाली गराइएको छ । नगरपालिका, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय तथा ओख्लेपाखा सामुदायिक वन उपभोक्ता समूहको संयुक्त पहलपछि सार्वजनिक जग्गामा २० वर्षदेखि सञ्चालनमा रहेको सो बजारका संरचनालाई हटाइएको हो।
निरन्तरको सूचना र समन्वयपछि पसलवालाहरूले मङ्गलबार स्वःस्फुर्त आफ्ना घरटहरा खाली गरेका हुन् । वन क्षेत्रभित्र रहेका ३५ भन्दा धेरै घरटहरा यही असार ३० गतेभित्र खाली गर्न समयसीमा दिएर निरन्तर सचेत र सुसूचित गरेपछि पसल सञ्चालकहरूले त्यहाँका घरटहरा छाड्न तयार भएका डिभिजन वन कार्यालयले जनाएको छ।
नगरपालिकाभित्रका सार्वजनिक जग्गा हडपेर बनेका घरटहरा हटाउने गोरखा नगरपालिकाको कार्यपालिकाले निर्णय गरेको थियो । सोही निर्णयपछि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी वन डिभिजन कार्यालय, सबडिभिजन कार्यालय, ओख्लेपाखा सामुदायिक वन उपभोक्ता समूहले सो सार्वजनिक जग्गा खाली गर्न सूचित गरेको थियो।
बारम्बार लिखित तथा मौखिक गरेर सार्वजनिक जग्गा खाली गर्न आह्वान गरेपछि पसल धनीहरूले घरटहरा खाली गरेका वन डिभिजन कार्यालयका प्रमुख मदनमोहन शाण्डिल्यले जानकारी दिए।
सबै घरटहरा खाली भइसकेपछि त्यसलाई हटाएर वन क्षेत्रलाई तारबार गरी सुरक्षित गरिने डिभिजनल वन अधिकृत शाण्डिल्यले बताए।
आँबुखैरेनी–गोरखा सडकबाट छेपेटारतर्फ जाने चोकमा सार्वजनिक जग्गा कब्जा गरी विगत २० वर्षदेखि बजार सञ्चालनमा छ।
विसं २०७३ मा हटाउने प्रयास भए पनि केही समयपछि फेरि बजार पुनःस्थापित भएको थियो । 'अब फेरि वनको जग्गा कब्जा गर्न नमिल्नेगरी तारबार गर्नेछौँ,' उनले भने, 'त्यसका लागि हामीले नापजाँच गरिसकेका छौँ।' रासस

# डेङ्गुको जोखिममा कञ्चनपुर, सतर्कता अपनाउन आग्रह

**कञ्चनपुर ।**
कञ्चनपुरमा चालु आर्थिक वर्षको पछिल्लो छ महिनामा मात्रै जिल्लामा २८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ ।
सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी सङ्क्रमित कञ्चनपुरमै भेटिएपछि स्वास्थ्य निकायहरूले सतर्कता अपनाउन र समुदायस्तरमा रोकथामका गतिविधिलाई प्रभावकारी बनाउन आग्रह गरेका छन् ।
स्वास्थ्य कार्यालयका औलो निरीक्षक तथा कीटजन्य रोग सम्पर्क व्यक्ति (फोकल पर्सन) सिद्धराज भट्टका अनुसार जनवरीमा पाँच, फेब्रुअरीमा छ, मार्चमा पाँच, अप्रिलमा सात, मेमा दुई र जुनमा तीन जना गरी २८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको हो ।
उनका अनुसार यही अवधिमा सुदूरपश्चिम प्रदेशभर कुल ७० जनामा सङ्क्रमण देखिएको छ । जसमा कञ्चनपुरपछि अछाममा १३, कैलालीमा १०, डडेल्धुरामा आठ, बझाङमा छ, डोटीमा तीन तथा दार्चुला र बैतडीमा एक–एक जना सङ्क्रमित फेलापरेका छन् ।
डेङ्गु 'एडिस एजिप्टाई' र 'एडिस एल्बोपिक्टस' प्रजातिको सङ्क्रमित लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो । यो लामखुट्टेले प्रायः सफा र जमेको पानीमा फुल पार्ने तथा दिउँसो बढी सक्रिय रहने भएकाले घर, विद्यालय, कार्यालय र सार्वजनिकस्थल वरपर पानी जम्न नदिन विशेष ध्यान दिन आवश्यक रहेको भट्टले बताए ।
'डेङ्गुका चार प्रकारका विषाणु हुन्छन्,' भट्टले भने, 'एकपटक लागेको प्रकारको डेङ्गु पुनः नलागे पनि अर्को प्रकारको सङ्क्रमण हुनसक्छ, दोस्रोपटक हुने सङ्क्रमण अझ जटिल र जोखिमपूर्ण हुने भएकाले थप सचेत रहन आवश्यक छ ।'
डेङ्गुको सङ्क्रमणकाल सामान्यतया तीनदेखि १० दिनसम्म रहने गर्दछ । सङ्क्रमण भएपछि १०२ देखि १०३ डिग्री



फरेनहाइटसम्म ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, पेट तथा जोर्नी दुख्ने, वाकवाकी लाग्ने, शरीरमा राता बिमिरा देखिने तथा गम्भीर अवस्थामा आन्तरिक वा बाह्य रक्तस्रावसमेत हुनसक्ने स्वास्थ्य कार्यालयले जनाएको छ ।
शुक्लाफाँटा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टले सङ्क्रमित व्यक्तिको समयमै परीक्षण र उपचार गर्न सके डेङ्गुबाट हुने मृत्युदर दुई प्रतिशतभन्दा कममा सीमित गर्न सकिने बताए । उनका अनुसार शिशु, गर्भवती, ज्येष्ठ नागरिक, मोटोपन भएका व्यक्ति, दीर्घरोगी तथा अत्यधिक रक्तस्राव भएका बिरामी डेङ्गुको उच्च जोखिममा पर्दछन् ।
उनले ज्वरो कम गर्न सिटामोल प्रयोग गर्न सकिने तर आइबुप्रोफेन र एस्पिरिनजस्ता औषधि चिकित्सकको सल्लाहबिना कदापि प्रयोग नगर्न सुझाव दिए ।
एउटा एडिस लामखुट्टेको आयु करिब ३० दिन हुन्छ । यस अवधिमा एउटा पोथी लामखुट्टेले पाँच सय देखि एक हजारसम्म अण्डा पार्न सक्छ । सङ्क्रमित लामखुट्टेको अण्डाबाट जन्मिने नयाँ लामखुट्टेमा पनि डेङ्गुको विषाणु रहन सक्छ ।
स्वास्थ्यकर्मी कृष्णराज जोशीका अनुसार डेङ्गु सार्ने लामखुट्टेका अण्डाहरू पानी नहुँदा पनि महिनौँसम्म जीवित रहन सक्छन् । त्यसैले पानी जम्न नदिनु नै यसको नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय हो ।
नेपालमा डेङ्गु पहिलोपटक २०६१ साल (सन् २००४) मा एक विदेशी नागरिकमा पुष्टि भएको थियो । त्यसयता यो सङ्क्रमण हरेक वर्ष विभिन्न जिल्लामा फैलिरहेको छ । हाल जलवायु परिवर्तन, तीव्र सहरीकरण, कमजोर रोग निगरानी प्रणाली, समयमै परीक्षणको अभाव, बसाइँसराइ र समुदायको न्यून सहभागितालाई डेङ्गु नियन्त्रणका प्रमुख चुनौतीका रूपमा औँल्याइएको छ ।
कञ्चनपुरका नौवटै पालिकामा डेङ्गु सार्ने लामखुट्टेको लार्भा खोजी तथा नष्ट गर्ने (सर्च एन्ड डिस्ट्रोय) कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था भइसकेको औलो निरीक्षक भट्टले जानकारी दिए । यस अभियानअन्तर्गत लार्भा नष्ट गर्नेसँगै सरसफाइ, जनचेतना अभिवृद्धि, समुदाय परिचालन तथा छलफल र गोष्ठी सञ्चालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ ।
स्वास्थ्यकर्मीले गमला, फूलदानी, ड्रम, टायर र बट्टाहरू नियमित सफा गर्न, खानेपानीका ट्याङ्की ढाकेर राख्न, झ्यालढोकामा जाली लगाउन र दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्न सर्वसाधारणमा अपिल गरेका छन् । रासस

# काठमाडौँमा ठेक्का, जनकपुरबाट बैंक कारोबार




**मधेशदृष्टि**
**जनकपुरधाम।**
सूर्यविनायक–साँगा सडक विस्तार आयोजना निर्माणमा बदमासी भएको आशंका गरिएको छ।

निर्माण कम्पनी बन्धन भगवती निर्माण सेवा र सामग्री आपूर्तिकर्ता चन्दन हार्डवेयरबीच भएको बैंकिङ कारोबार, बिल–बीजक तथा वित्तीय अभिलेखले आयोजनामा यथेष्ट बदमासी भएको देखिएको छ।

दुई कम्पनीबीच भएको सार्वजनिक खरिद प्रक्रिया, सामग्री खरिद, भुक्तानी प्रणाली तथा बैंकिङ कारोबारलगायतमा अनियमितताको प्रमाण भेटिएको हो । काठमाडौँस्थित बन्धन भगवती निर्माण सेवाले धनुषाको जनकपुरस्थित ग्लोबल आईएमई बैंक र एभरेष्ट बैंक शाखामार्फत गरेको वित्तीय कारोबारले पनि प्रश्न खडा भएको छ । जनकपुरमै रहेको चन्दन हार्डवेयरको पनि यी दुई बैंकमा भएको कारोबार अस्वाभाविक देखिएपछि आयोजनाको रकममा बदमासी भएको आशंका बाहिरिएको हो।

काठमाडौँमा कार्यालय र आयोजना सञ्चालन भइरहेका बेला अधिकांश कारोबार जनकपुरबाट भएको छ।

प्रारम्भिक अनुसन्धामा निर्माण कम्पनीले आयोजना कार्यालयका केही प्राविधिक तथा लेखा कर्मचारीसँग मिलेमतो गरी वित्तीय अभिलेख तयार पारेको अनुमान गरिएको छ । सार्वजनिक खरिद नियमावलीअनुसार स्थलगत नापजाँच र प्रमाणीकरणबिना रनिङ बिल भुक्तानी गर्न नमिल्ने व्यवस्था हुँदाहुँदै यो नियमविपरीत करोडौँ रुपैयाँ भुक्तानी भएको पाइएको छ।

यस्तै, बन्धन भगवती निर्माण सेवा र चन्दन हार्डवेयरबीचको भएको कारोबार पनि अनुसन्धानको दायरामा ल्याउनु पर्ने देखिएको छ । कम्पनीले डन्डी, सिमेन्ट, बिटुमिनलगायत निर्माण सामग्री खरिद गरेको भन्दै करोडौँ रुपैयाँ भुक्तानी र खर्च देखाएको छ । ती सामग्री वास्तविक रूपमा आपूर्ति भए–नभएको वा बिल वास्तविक भन्ने विषयमा अनुसन्धान चलिरहेको छ।

अर्कोतिर १० लाख रुपैयाँभन्दा माथिका कारोबारलाई साना–साना नगद भौचरमा विभाजन गरी बैंकमा जम्मा गरिएको, दैनिक नगद मिलानको नाममा रकम छिराइएको तथा कागजी कारोबार बढाएर ठूलो टर्नओभर देखाउने प्रयास भएको अनुन्सधानमा देखिएकाले थप छानबिन जरुरी भएको छ।

छानबिनमा कम्पनीले आयोजना कार्यान्वयनका क्रममा प्रयोग भएका सामग्रीको वास्तविक खरिदभन्दा बढी रकमका बिल प्रयोग गरेको पनि देखिएको छ।

# उच्च अदालत जनकपुरमा लक्ष्यभन्दा बढी मुद्दा फर्छयौट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
उच्च अदालत जनकपुरले आर्थिक वर्ष २०८२/८३ मा वार्षिक मुद्दा फछ्यौंट लक्ष्यभन्दा बढी उपलब्धि हासिल गरेको छ।

अदालतका अनुसार असार ३१ गतेसम्म जिम्मेवारी सरी आएका २ हजार २६७ र नयाँ दर्ता भएका ४ हजार २४९ गरी कुल ६ हजार ५१६ मुद्दा दर्ता भएको छ। तीमध्ये ४ हजार ६१९ मुद्दा अर्थात् ७०.८८ प्रतिशत फछ्यौट भइसकेको उच्च अदालत जनकपुरधामका कायममुकायम मुख्य न्यायाधिश टेकनारायण कुँवरले बताउनु भयो । उनका अनुसार १ हजार ८९७ मुद्दा विचाराधीन रहेका छन्।

पुराना मुद्दा फछ्यौटलाई प्राथमिकतामा राखेर सञ्चालन गरिएका कार्यक्रमका कारण १८ महिना तथा दुई वर्षभन्दा पुराना सबै बाँकी मुद्दा शून्यमा झार्न सफल भएको अदालतले जनाएको छ।

चालु आर्थिक वर्षका लागि अदालतले ४ हजार ५४६ मुद्दा फैसला गर्ने वार्षिक लक्ष्य निर्धारण गरेको थियो । तर हालसम्म ४ हजार ६१९ मुद्दा फैसला गर्दै निर्धारित लक्ष्यको १०१.६० प्रतिशत उपलब्धि हासिल गरेको छ। आर्थिक वर्ष २०८३/०८४का लागि अदालतले ६ हजार ८२६ मुद्दा दर्ता हुने अनुमान गरिएको छ।

न्यायाधीशगत विवरणअनुसार कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले सबैभन्दा बढी १ हजार ४१६ मुद्दा फछ्यौट गरेका छन् । त्यसपछि न्यायाधीश टीकाराम आचार्यले १ हजार १७९, जगदीश घिमिरेले १ हजार २, राजुराम सिलवालले ९४०, कृष्णप्रसाद सुवेदीले ९२६, कैलासप्रसाद सुवेदीले ९०४, फुर्पा तामाङले ७७७, मुरारीबाबु श्रेष्ठले ७२०, कमलप्रसाद पोखरेलले ७१७ तथा श्यामकुमार भट्टराईले ५७८ मुद्दा फछ्यौट गरेका छन्।

अदालतले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन अनलाइन बहस र तारिख, इजलासको लाइभ स्ट्रिमिङ, एसएमएसमार्फत पेसी सूचना, भिडियो कन्फ्रेन्सिङ सुनुवाइ, मेलमिलाप सेवा, सहायता कक्ष, 'मिट द जज' कार्यक्रम, गुनासो सुनुवाइ प्रणाली तथा अशक्त सेवाग्राहीका लागि ह्विलचेयर र हेल्पलाइन सेवासहित विभिन्न सेवाग्राहीमैत्री सुविधा सञ्चालनमा ल्याएको जनाएको छ।

आगामी वर्ष अदालतले धनुषाका बाँकी १८ स्थानीय तहमा न्यायिक अन्तरसंवाद कार्यक्रम विस्तार गर्ने, विद्यालय तथा क्याम्पसमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गर्ने, सूचना प्रविधिको प्रयोग थप विस्तार गर्ने, स्थानीय तहका न्यायिक समितिलाई मेलमिलापसम्बन्धी मार्गनिर्देशन दिने तथा सुविधासम्पन्न पुस्तकालय, चमेनागृह, प्रविधिमैत्री सुरक्षा गेट र अत्याधुनिक शौचालय निर्माणलगायतका योजना कार्यान्वयन गर्ने जनाएको छ।

# सुदूरपश्चिममा बजेट पारित गर्न दलहरूसँग संवाद जारी



**सुदूरपश्चिम।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले संवैधानिक व्यवस्थाअनुसार आगामी आर्थिक वर्षको बजेटसम्बन्धी बाँकी प्रक्रिया पूरा गरिने बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट सरकारमा प्रतिनिधित्व गरेका मन्त्रीहरूलाई आज पदमुक्त गरेपछि आयोजित पत्रकार सम्मेलनमा उनले संविधानले दिएको अधिकारअनुसार मन्त्रिपरिषद्को जिम्मेवारी हेरफेर गरिएको र बाँकी काम पनि सोहीअनुसार अघि बढाइने बताए।

मुख्यमन्त्री शाहले बजेटका सम्बन्धमा केही प्राविधिक त्रुटि भएको सरकारबाट स्वीकार गरिसकिएको उल्लेख गर्दै त्यसको समाधानका उपायबारे छलफल भइरहेको जानकारी दिए।

सत्तासाझेदार एमालेबाट ठोस जवाफ नआएपछि संविधानले दिएको अधिकार प्रयोग गर्दै मन्त्रिपरिषद्मा जिम्मेवारी हेरफेर गरिएको उनको भनाइ थियो।

उनले बिहीबारभित्र बजेट पारित गरिसक्नुपर्ने संवैधानिक समयसीमा रहेकाले सबै पक्षसँग छलफल गरी संविधानबमोजिम निष्कर्षमा पुगिने बताए।

मुख्यमन्त्री शाहले एमालेसँग संवाद पूर्ण रूपमा नटुटेको उल्लेख गर्दै बजेट पारित गर्ने विषयमा एमालेसहित अन्य दलसँग पनि छलफललाई निरन्तरता दिइने बताए ।सबै पक्षलाई एक ठाउँमा ल्याएर संवैधानिक तथा कानुनी प्रक्रियाअनुसार बजेट पारित गरिने उनले स्पष्ट पारे।

मुख्यमन्त्री शाहले बुधबार नै एमालेका तीन मन्त्री र एक राज्यमन्त्रीलाई पदमुक्त गरेका थिए।

# 'आर्थिक सुधारका लागि कानुन संशोधन र खारेजीको प्रक्रिया'



**काठमाडौँ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसअनुसार अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न लागिएको स्पष्ट पारेका छन्।

प्रतिनिधिसभाको आजको बैठकमा 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले आफू अर्थमन्त्री नियुक्त भएकै दिन आर्थिक सुधारमा बाधक बनेका कानुन खारेज गर्ने घोषणा गरेको स्मरण गराए।

'सो घोषणालाई मूर्तरूप दिन विधेयक अघि बढाइएको हो,' उनले भने, 'संसद्बाट नयाँ कानुन बनाउनुपर्ने हुन्छ भने आवश्यकताअनुसार केही कानुन खारेज पनि गर्नुपर्ने हुन्छ। यही प्रक्रियाअन्तर्गत विधेयक ल्याइएको हो। सरकार आर्थिक सुधारप्रति प्रतिबद्ध छ र घोषणा गरिएका विषयलाई कानुनी रूपमा कार्यान्वयन गर्दै लगिएको छ।'

प्रस्तावमाथिको छलफलमा सांसदहरू मञ्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरुङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल, गुरुप्रसाद बराल र पुष्पराज कँडेलले भाग लिएका थिए।

त्यसअघि अर्थमन्त्री वाग्लेले 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्ताव प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको थियो।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले विधेयकमाथि संशोधन दर्ता गर्न इच्छुक सांसदहरूले प्रतिनिधिसभाको विधेयक शाखामा सम्पर्क गर्न सक्ने जानकारी गराए।

प्रतिनिधिसभाको अर्को बैठक आगामी साउन १४ गते हुने भएको छ।

विकास सहकार्यलाई राष्ट्रिय प्राथमिकतासँग जोड्नुपर्नेमा अर्थमन्त्रीको जोड

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बदलिँदो राष्ट्रिय प्राथमिकता र आवश्यकताअनुसार सरकारले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) सँगको विकास सहकार्यलाई अघि बढाउन चाहेको बताएका छन्।

नेपाल र युएडिपीबीच सहकार्य सुरु भएको ६०औँ वार्षिकोत्सवका अवसरमा यहाँ आयोजित कार्यक्रममा उनले गरिबी निवारण, असमानता घटाउन, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा युएनडिपीले पु¥याएको योगदान अविस्मरणीय रहेको बताए।

'गरिबी निवारण, असमानता न्यूनीकरण, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको योगदान अविस्मरणीय छ,' अर्थमन्त्री वाग्लेले भने, 'आज ६० वर्ष पुगेको यो सहकार्य शताब्दीसम्म निरन्तर रहोस् भन्ने कामना गर्दछु ।'

संयुक्त राष्ट्रसङ्घको छातामुनि हुने विकास सहकार्य केवल लगानीको रकममा मात्र सीमित नरही अन्तरदेशीय सहकार्य र समन्वयको सशक्त माध्यमका रूपमा रहेको उनले बताए।

नेपालमा पर्यावरण संरक्षण, लोकतन्त्रको सुदृढीकरण, युवा सशक्तीकरण तथा डिजिटल रूपान्तरणका क्षेत्रमा युएनडीपीले पु¥याएको योगदानको सराहना गरे।

त्यस अवसरमा अर्थमन्त्री वाग्लेले युएनडिपीले नेपालमा गरेका कार्यहरूको तस्बिर र विवरण समेटिएको फोटो पुस्तक '६० वर्षको सहयात्रा' पनि सार्वजनिक गरे।

# किसानसँग मन्त्री चौधरीको छलफल, आन्दोलनभन्दा संवादमा जोड



**काठमाडौँ।**
कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले सडकमा गोलभेँडा फ्याँकेर प्रदर्शन गरिरहेका किसानका प्रतिनिधिसँग छलफल गरेकी छन्। मन्त्री चौधरीले बुधबार मन्त्रालयमा किसान प्रतिनिधिलाई आमन्त्रण गरी उहाँहरूका गुनासा तथा मागबारे छलफल गरेकी हुन्।

किसानले उत्पादन गरेका कृषि उपजको उचित मूल्य पाउन सकून् भन्ने उद्देश्यले बजारमा कडा अनुगमनको व्यवस्था गरिएको बताउँदै विचौलियाको समस्या समाधान गर्न कृषि विधेयक अघि बढाइएको उनले जानकारी दिइन्।

मन्त्री चौधरीले किसानलाई आफ्नो उत्पादन नजिकका हाटबजारमा बिक्री–वितरण गर्न आग्रह गर्दै सबै किसानले कालीमाटी फलफूल तथा तरकारी बजारमै पुगेर सामग्री बिक्री गर्नुपर्ने अवस्था नरहेको बताइन्।

'हामीले किसानका पीडा बुझेका छौँ । आन्दोलन समाधान होइन । किसानसम्म रासायनिक मल सहज रूपमा पुगोस् भनेर हामी लागिपरेका छौँ,' उनले भनिन् । साथै उनले सम्बन्धित निकायसँग समन्वय गरी किसानका समस्या समाधानका गरिने प्रतिबद्धता व्यक्त गरिन्।

सरकार किसानको हितप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री चौधरीले उत्पादन, बजार व्यवस्थापन, मूल्य निर्धारण तथा कृषि क्षेत्रका समस्याको समाधानका लागि किसानसँग निरन्तर संवाद, सहकार्य र समन्वयलाई प्राथमिकता दिइने बताइन्।

# रौतहटमा युवकद्वारा आत्मदाहको प्रयास

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रौतहटमा एक युवकले आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाई आत्मदाहको प्रयास गरेका छन् । घटनामा उनी गम्भीर घाइते भएका छन् । प्रहरीका अनुसार गरुडा नगरपालिका–९ गम्हरियाका २८ वर्षीय गौतम कुमार सहनीले मंगलबार राति करिब १ बजे आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर शरीरमा छर्किएपछि आगो लगाएका थिए।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यका अनुसार सहनी केही समयदेखि मानसिक तनावमा रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

परिवारका सदस्यले तत्काल उद्धार गरी बेटर नेपाल अस्पताल, गरुडामा पु¥याएका थिए । त्यहाँ प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौँस्थित कीर्तिपुर बर्न अस्पताल रिफर गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमका अनुसार सहनीको घाँटीदेखि तलसम्म शरीरको करिब ३१.५ प्रतिशत भाग जलेको छ।

अस्पतालबाट बिहान सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सहनी गरुडा बजारस्थित झाझ पुलनजिक सानो होटल सञ्चालन गर्दै आएका थिए र सोही व्यवसायबाट परिवार तथा तीन सन्तानको पालनपोषण गरिरहेका थिए।

# मिडिया काउन्सिल सदस्य नियुक्ति प्रक्रिया रोक्न माग गर्दै सर्वोच्चमा रिट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मिडिया काउन्सिल सदस्य नियुक्तिका लागि कानुनविपरीत योग्यता निर्धारण गरेको आरोप लगाउँदै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ।

धनुषाका अधिवक्ता रकी प्रसाद साहले मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाउँदै संविधानको धारा १३३ बमोजिम उत्प्रेषण, परमादेशलगायत उपयुक्त आदेशको माग गरेका हुन्।

रिटमा प्रदेश सञ्चार ऐन, २०७७ र प्रदेश सञ्चार (पहिलो संशोधन) नियमावली, २०७७ मा तोकिएको योग्यताभन्दा फरक मापदण्ड राखेर मन्त्रालयले २०८३ असार २३ गते सदस्य नियुक्तिका लागि दरखास्त आह्वान गरेको आरोप लगाइएको छ । कानुनले निर्धारण गरेको मापदण्ड उल्लंघन गर्दै प्रकाशित गरिएको सूचना गैरकानुनी भएकाले त्यसका आधारमा हुने सम्पूर्ण नियुक्ति प्रक्रिया तत्काल रोक्न अदालतको हस्तक्षेप आवश्यक रहेको निवेदकको जिकिर छ।

रिटमा मिडिया काउन्सिल पत्रकारिताको पेसागत मर्यादा, आचारसंहिता र उत्तरदायी पत्रकारिताको प्रवर्द्धनका लागि गठन गरिएको स्वायत्त निकाय भएकाले सदस्य नियुक्ति पनि प्रचलित ऐन र नियमावलीअनुसार नै हुनुपर्ने उल्लेख गरिएको छ।

अधिवक्ता साहले कानुन कार्यान्वयन गराउने निकाय स्वयंले नै कानुन उल्लंघन गरेको आरोप लगाउँदै कानुनको शासन कायम गर्न सर्वोच्च अदालतबाट आवश्यक आदेश जारी हुनुपर्ने माग गरेका छन्।

रिटमाथिको सुनुवाइ भने सर्वोच्च अदालतमा हुन बाँकी छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन